"उत्कृष्ट वित्तीय सेवा सहितको सहकारी बैंक"

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

# सहकारिता

SAHAKARITA

द्वैमासिक

बर्ष ९ अंक ३०, माघ–फाल्गुण, २०७८ www.ncbl.coop 16 January, 2022- 14 March, 2022

# सहकारीहरूको आफ्नै ब्राण्डको 'कोप कार्ड' जारी गर्न त्रिपक्षीय सम्झौता

**ललितपुर ।** सहकारी संघ/संस्थाहरुको लागी आफ्नै ब्राण्डको कोप (एटिएम) कार्ड जारी गर्ने उद्देश्यका साथ राष्ट्रिय सहकारी बैंक लिमिटेड सहित स्मार्ट च्वाइस टेक्नोलोजिज लिमिटेड (एससिटी) र ग्लोबल आइएमई बैंक लिमिटेड बिच एटिएम कार्ड सेवा प्रदान गर्ने सम्बन्धी त्रिपक्षीय सम्झौता भएको छ ।

पुस २२ गते हिमालय होटल ललितपुर मा एक कार्यक्रमको आयोजना गरी सम्झौतामा राष्ट्रिय सहकारी बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, एससिटीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु र ग्लोबल आइएमई बैंक लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्यले सम्झौतापत्रमा संयुक्त रुपमा हस्ताक्षर गरेका छन्।

सम्झौता पछि एससिटी सँगको सहकार्यमा सबै प्राविधिक तयारी पुरा भएपछि राष्ट्रिय सहकारी बैंकले छिट्टै आफ्ना सदस्य सहकारी संघ/संस्थाहरु मार्फत सहकारीमा आबद्ध सदस्यलाई एटिएम कार्ड प्रदान गर्ने बैंकका अध्यक्ष के.बी. उप्रेतीले बताउनु भयो ।




उहाँले बाणिज्य बैंकका ग्राहकहरुले प्रयोग गरे जस्तै सहकारी संस्थाका सदस्यहरुले कोप कार्ड प्रयोग गर्न सक्ने विशेषता यसमा रहेकोले सहकारीका सदस्यहरुले कार्ड मार्फत आर्थिक कारोबार गर्न सक्ने जानकारी दिनुभयो । सुरक्षा र प्रविधिको हिसावले सुरक्षित र प्रभावकारी रहेको उहाँको भनाइ थियो । नेपाल सरकारले लिएको डिजिटल नेपालको अभियानलाई पनि सहयोग पुग्ने उल्लेख गर्दै सहकारीका सदस्यहरुले पनि नगद रहित कारोबार गर्न पाउनु आफैंमा ठूलो उपलब्धि रहेको बताउनुभयो ।

राष्ट्रिय सहकारी बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बैंकले सहकारी र प्रविधिविच काम गर्न बैंकको डिजिटल बैंकिंग युनिट तयारगरि कार्य अगाडी ...

-बाँकि पृष्ठ १५ मा

# राष्ट्रिय सहकारी बैंकको नायव महाप्रबन्धकमा मनोज खड्का नियुक्त



**ललितपुर ।** राष्ट्रिय सहकारी बैंक लिमिटेडको नायव महाप्रबन्धकमा मनोज खड्का नियुक्त हुनुभएको छ ।

बैंकको पदपूर्ति उप-समितिको सिफारिस अनुसार उहाँलाई बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले फाल्गुण १५ गते देखीनै कार्यभार सम्हाल्ने गरी नियुक्त गर्नु भएको हो ।

उहाँलाई फाल्गुण १५ गते बैंकको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी बैंकका अध्यक्ष के.बी. उप्रेती सहित सञ्चालकहरु, प्रमुख कार्यकारी अधिकृत, सहायक महाप्रबन्धक, उच्च व्यवस्थापनका कर्मचारीहरु लगायतको उपस्थितिमा नव-नियूक्त नायव महाप्रबन्धक खड्कालाई स्वागत गरी बधाई तथा शुभकामना ज्ञापन गरिएको थियो । ...

-बाँकि पृष्ठ १४ मा

राष्ट्रिय सहकारी बैंक लिमिटेडद्वारा प्रकाशित

**सहकारिता**

**सल्लाहकार**
के.बी. उप्रेती
लक्ष्मी प्रसाद उप्रेती
बद्री कुमार गुरागाईं

**सूचना, सञ्चार तथा प्रकाशन उप-समिति**

**संयोजक**
माधवलाल देवकोटा

**सदस्यहरू**
राम बहादुर जि.सी., शिवा थापा, गम्भीर लाल श्रेष्ठ, डिल्ली प्रसाद पोखरेल, आर. एस. तिमल्सिना

**सदस्य सचिव**
नविन कुमार कार्की

**प्रधान सम्पादक**
राम बहादुर जि.सी.

**सहयोगी**
बलराम के.सी., बिबेक खड्का, सविन रिमाल

**ठेगाना**
राष्ट्रिय सहकारी बैंक लिमिटेड
कर्पोरेट कार्यालय, कुपण्डोल, ललितपुर
फोन नं : ०१-५१८०१८२
फयाक्स: +९७७-०१-५५५५६८७
E-mail: publication@ncbl.coop
ncbl@ncbl.coop
Website: www.ncbl.coop

## सम्पादकीय

# बढ्दो ब्याजदरको तनाव

कोरोना कहरका कारण अझै पूर्ण रूपमा सञ्चालनमा आउन नसकेको उद्योगी-व्यवसायीलाई फेरि बढ्दो ब्याजदरको तनाव थपिएको छ । पछिल्लो दुई वर्षदेखि कोरोनाका कारण सबै प्रकारका उद्योग-व्यवसाय कठिन अवस्थाबाट गुज्रिरहेका छन् । बिस्तारै बजार चलायमान हुन थाल्दा अचानक बैंक तथा वित्तीय संस्थाले ब्याज बढाएपछि कर्जा महँगो हुने भएको छ। हुन त नेपाल राष्ट्र बैंकले आयात निरुत्साहित गर्न ब्याजदर बढाउन उत्साहित गरेको तर्क दिइएको छ। तर, एकातिर उद्योग-व्यवसाय कोरोनापूर्वको अवस्थामा सञ्चालन हुन सकेका छैनन् भने अर्कातिर उत्पादित वस्तुहरूको बिक्रीबाट उठ्नुपर्ने रकम बजारबाट उठ्न सकिरहेको छैन । यस्तो अवस्थामा बैंकिङ क्षेत्रले गत वर्षदेखि नै सहयोग गर्दै आएकोमा अचानक कर्जाको ब्याजदर वृद्धिले उद्योग व्यवसाय क्षेत्रलाई नकारात्मक असर पार्ने स्पष्ट छ ।

कोरोना कहरका कारण केही व्यवसायी कसरी आफ्नो ऋण तिर्न नसक्ने स्थितिमा पुगे भन्ने कुरा राष्ट्र बैंकलाई ज्ञात नभएको होइन । साथै, हरेक त्रैमासमा कर्जाको ब्याजदर बढ्दै जाँदा उद्योग-व्यवसाय गर्न सम्भव हुँदैन। यसरी ब्याजदरको अस्थिरता कायम भए मुलुकका उद्योगी-व्यवसायी पलायन हुनुको विकल्प रहन्न। किनकि उद्योगी-व्यवसायीले आफ्नो व्यावसायिक लागत प्रक्षेपण गर्न सक्दैनन् र व्यावसायिक योजना असफल हुँदा उनीहरूको व्यवसाय सधैं जोखिमयुक्त रहन्छ ।

उद्योगी व्यवसायीले आफूले लिन सक्ने तथा प्रक्षेपण गर्न सक्नेभन्दा बढी जोखिम आए नेपाल जस्तो सानो अर्थतन्त्र भएको मुलुकमा उद्योग तथा व्यवसायको भविष्य नदेखेपछि पलायन हुनुको विकल्प हुँदैन । त्यसैले एउटा निश्चित सीमाभन्दा बढीको ब्याजदर जोखिमले उद्योगी-व्यवसायीमात्र नभएर पुँजी पनि पलायन हुनेतर्फ सजग हुनु आवश्यक छ। व्यापार घाटाको दायरा निकै बढिरहेको अवस्थामा पछिल्लो पटक निक्षेपमा ब्याजदर वृद्धिको निर्णयबाट कर्जाको ब्याजदर वृद्धि हुन गई उद्योग-व्यवसाय थप शिथिल हुने र त्यसले आन्तरिक उत्पादन नै ठप्प हुन जाने अवस्था आउनेतर्फ सरकार पनि सजग हुन आवश्यक छ ।

यसरी महिनैपिच्छे अनपेक्षित रूपमा गरिएको निक्षेपमा ब्याजदर वृद्धि गर्दा यसका सकारात्मक तथा नकारात्मक असरका बारेमा राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थासँग छलफल गर्ने प्रचलन पनि सुरु गर्नु पर्दछ ।
विगतका अनुभव हेर्ने हो भने ब्याजदर वृद्धिबाट तरलता समस्या समाधान भएका छैनन् । ब्याजदर वृद्धिका कारणबाट उद्योग व्यवसाय क्षेत्र चौतर्फी दबाबमा परेको छ ।

जसको फलस्वरूप मुलुकको उत्पादन र अर्थतन्त्रमा पनि नकारात्मक असर परेको छ। साथै, बैंक तथा वित्तीय संस्थाहरूमा लगानीयोग्य तरलताको अभाव बढेका कारण ब्याजदर बढाउँदा एउटा संस्थामा रहेको निक्षेप अर्कोतिर सर्ने वा निक्षेप खोसाखोस हुने अवस्था मात्र सिर्जना हुन्छ, नयाँ निक्षेप सिर्जना भएको देखिन्न । कर्जाको माग निरन्तर बढिरहेको अवस्थामा नयाँ निक्षेप किन आएन, त्यसमा अनुसन्धान गर्नुको साटो कर्जाको ब्याजदर नै बढ्ने वातावरण बनाउँदा यसले नकारात्मक असर पार्ने स्पष्ट छ ।

# अन्तर्राष्ट्रिय महिला दिवसको सन्दर्भमा बैंकको ६८ वटै शाखा मार्फत 'लघु गोष्ठी' कार्यक्रम सम्पन्न




काठमाडौं । **"सामाजिक न्याय र लैङ्गिक समानताः दिगो विकासको सुनिश्चिता"** भन्ने नाराका साथ ८ मार्च २०२२ (२४ फाल्गुण २०७८) मा परेको ११२ औं अन्तर्राष्ट्रिय नारी दिवसको सन्दर्भ पारेर साता व्यापी रुपमा आयोजना भएको 'सहकारीमा महिला र यूवाको गुणस्तरीय सहभागिता विषयक लघु गोष्ठी' कार्यक्रम बैंकको ६८ वटै शाखा कार्यालय मार्फत सम्पन्न भएको छ । फाल्गुण २३ गते देखी शुरु भएको कार्यक्रम फाल्गुण २७ सम्म सञ्चालन भएको थियो ।

स्थानियस्तरमा रहेका सहकारी संघ संस्थाको महिला संचालक तथा कर्मचारीहरुको सहभागितामा 'सहकारीमा महिला र यूवाको गुणस्तरीय सहभागिता विषयक' कार्यक्रममा आ-आफ्नो सहकारीमा महिला र यूवाको सहभागिताको अवस्था र संस्थाले यसका लागि लिएको रणनितिक योजनाहरुको विषयमा छलफल एवम् प्रस्तुती भएको थियो । कार्यक्रममा सहभागि अधिकांश महिलाहरुले शिक्षा तथा सचेतना अभियान सञ्चालन गर्नु पर्नेमा जोड् दिएका छन् । सहकारीका सदस्यहरुमा महिलाको संख्या अत्यधिक छन, तर नेतृत्वमा कम छन, कर्मचारीको संख्या महिलाको बढी छ, तर व्यवस्थापन प्रमुखको भूमिकामा महिला कम छन्, महिलाको सहभागिता जस्तै गुणस्तरीय र अर्थपूर्ण सहभागिताका लागि सबैको ध्यान जानु पर्ने बताएका हुन ।

सहकारी समाजको आर्थिक विकास र सामाजिक रुपान्तरणको महत्वपूर्ण माध्यम भएकाले, यो अभियान मार्फत महिलालाई आर्थिक रुपमा सक्षम बनाउदै सामाजिक तथा राजनीतिक क्षेत्रमा प्रभावकारी भूमिका निभाउन सक्ने कुरामा जोड दिएका छन् ।

बैंकले ६८ वटै शाखा कार्यालय मार्फत सहकारी संघ संस्थामा महिला र यूवाहरुको गुणस्तरीय सहभागिता गराउने उद्देश्यका साथ 'लघु गोष्ठी' कार्यक्रम गरिएको बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले बताउनु भयो ।

कार्यक्रममा सहकारी संघ संस्थाका महिला र यूवा संञ्चालक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

# साईबर सुरक्षा तालिम सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंकमा कार्यरत कर्मचारीहरुको लागि आयोजित साईबर सुरक्षा सम्बन्धि एक दिने तालिम फाल्गुण २० गते सम्पन्न भएको छ ।

आफु कार्यरत कार्यालयमा हुनसक्ने साइबर हमलाको पहिचान र त्यसलाई रोक्न आवश्यक पर्ने प्राविधिक जानकारी दिने उद्देश्यका साथ साइबर हमला भएको खण्डमा तत्कालै चाल्नुपर्ने कदम र उपलब्ध साइबर सुरक्षासँग सम्बन्धित सिस्टमको समेत जानकारी प्राप्त गर्न तालिमको आयोजना गरिएको थियो ।




तालिममा बैंकका प्रमुख प्रविधि अधिकृत नविन कुमार कार्कीले प्रविधिको प्रयोगका क्रममा आउन सक्ने जोखिम तथा खतराबाट जोगिने उपायहरु, समयानुकुल प्रयोग गरिने नयाँ-नयाँ प्रविधि, त्यसबाट हुन सक्ने नोक्सानी, प्रविधि प्रयोगका क्रममा देखिने सुरक्षा चुनौतीहरुको सुरक्षित समाधानका लागि साईबर सुरक्षाको महत्व लगायत साइबर सुरक्षाका विषयमा सहजीकरण गर्नु भएको थियो ।

कार्यक्रमको उद्घाटन बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले गर्नु भएको थियो । तालिममा बैंकमा कार्यरत कर्मचारीहरुले सहभागिता जनाएका थिए ।

बैंकको तालिम विभागका बरिष्ठ अधिकृत मिनाकुमारी शर्माले संञ्चालन गर्नु भएको तालिमको समापन सदस्य सेवा विभागका प्रमुख रामबावु आचार्यले समापन गर्नु भएको थियो ।

# सहकारीमा लघुवित्तको अभ्यास र प्रभावकारीता



**– प्रमोदकुमार घिमिरे**
प्रबन्धक
राष्ट्रिय सहकारी बैंक लि.

> **"न्यून आय वर्गको गरीबले आफ्नो उत्पादनको उचित मूल्य लिन सक्दैन । आफ्नो उत्पादनलाई बजारसम्म पुऱ्याउन सक्दैन । अरुले तोकेको मूल्यमा आफ्ना उत्पादनहरु विक्री गर्नुपर्ने बाध्यता रहन्छ । विचौलिया व्यापारीहरुले उनीहरुको उत्पादनलाई आफ्नो पकडमा लिइरहेका हुन्छन् ।"**

नेपालको आर्थिक क्षेत्रमा लघुवित्त भनेको विपन्न वर्गलाई साना-तिना स्वरोजगार तथा आयमुलक व्यवसाय संचालन गरी स्वःसक्षम बनाउनको लागि सरल र सुलभ ढंगले घरदैलोमा नै उपलब्ध गराइने वित्तीय सेवा हो । लघुवित्त दुई शब्द मिलि बनेको छ । यसलाई छुट्याउँदा ("लघु" र "वित्त") लघुको अर्थ सानो वा सानो हुनाको भाव वा सानो आकार वा सुक्ष्म आकार र वित्त भनेको धनमाल वा अर्थसंग सम्बन्धित वा आर्थिक क्रियाकलाप वा आर्थिक लेनदेन भन्ने बुझिन्छ । दुवैलाई मिलान गर्दा सानो वा सुक्ष्म आकारको आर्थिक कृयाकलाप वा आर्थिक ले नदेन भन्ने हुन्छ। लघुवित्तलाई राष्ट्रिय तथा अन्र्तराष्ट्रिय रुपमा आ-आफ्नै किसिमले परिभाषित गरेको पाइन्छ। विश्व बैंकले "लघुवित्त वित्तीय कार्यमात्र नभएर देशको विकासको लागि महत्वपूर्ण औजार हो र यो विपन्न वर्गलाई पुऱ्याइने यस्तो प्रकारको वित्तीय सेवा हो, जसले स्वरोजगार र आय आर्जनको अवसर प्रदान गर्नुका साथै सामाजिक विकास समेत गर्दछ" भनी परिभाषित गरेको छ ।

त्यस्तै ग्रामीण बैंकिङ्ग पद्धतिका प्रवर्तक बंगलादेशका डा. मोहम्मद युनुसले लघुवित्तलाई गरीबहरुको मानव अधिकारको रुपमा व्याख्या गरेका छन् । लघुवित्त सेवा अन्तर्गत लघु ऋण, लघु वचत, लघु बीमा र लघु रकम स्थानान्तरण सेवा पर्दछन् । नेपाल राष्ट्र बैंकले विपन्न र अति विपन्न वर्गलाई लक्षित गरी संचालन गरिने वित्तीय सेवालाई लघुवित्तमा परिभाषित गरेको छ । १४ बर्ष अघि सरकारले लघुवित्तलाई विकास र प्रवर्द्धन गर्न लघुवित्त नीति २०६४ लागु गरेको थियो । "गरिवी निवारण सम्वन्धी विभिन्न कार्यक्रम र परियोजनाहरुलाई यसै नीतिसँग आबद्ध गरी समन्वयात्मक रुपले संचालन गर्ने" भनी लघुवित्त नीतिमा प्रष्टसँग उल्लेख गरिएको छ । यसैगरी "लघुउद्यमशीलताको विकास गर्न स्थापित निकायहरुसँग समन्वय गरी लक्षित वर्गको उद्यमशीलता विकास गर्न सहयोग पुऱ्याउने" भनी उक्त नीतिमा उल्लेख गरिएको देखिन्छ ।

यहाँनेर ठुलो बिडम्वना के छ भने लघुउद्यमशीलतासँग सम्वन्धित त्यस्ता कार्यक्रमहरु लघुऋणसँग आवद्ध हुने गरेको पाइँदैन । बैंकिङ्ग क्षेत्रबाट तय गरिने वित्तीय कार्यक्रम तथा सरकारको सम्वन्धित निकायबाट संचालन गरिने सीप विकास तथा स्वरोजगारमूलक कार्यक्रम एकैसाथ ग्रामीण क्षेत्रमा पुऱ्याउन सके यी दुवै कार्यक्रम एक अर्काको परिपुरक बन्न सक्ने थिए तथा दुबैखाले कार्यक्रम पूर्णतः सफल बन्न सक्ने थिए । "स्थानीय स्तरमा विद्यमान सामुदायिक संस्था, बचत तथा ऋण समूह, लघुवित्त कारोवारमा संलग्न संस्थाहरुलाई सहज रुपमा मान्यता प्राप्त गर्ने कानुनी व्यवस्था गरी लघुवित्त सेवा प्रदायक संस्थाहरुसँग सम्वन्ध स्थापित गर्ने व्यवस्था गर्ने" भनी लघुवित्त नीतिमा उल्लेख गरिएको पाइन्छ ।

लघुवित्तका प्रमुख विशेषताहरु अर्न्तगत विना धितो सामूहिक जमानीमा ऋण प्रदान गर्नु, विपन्न परिवारमा लक्षित र चर्को ब्याजबाट मुक्ति, ऋणलाई वचत सँग आवद्ध गराई कारोवार संचालन गरिनु र ऋण तथा बचतमा विविधिकरण, संस्थाहरु जनताको घरदैलोमा नै जानु, उद्यम व्यवसाय, स्वरोजगार र आय आर्जनको अवसर प्रदान गरिनु, सानो आकारको ऋण, किस्ताबन्दी सरल भुक्तानी प्रक्रिया, ऋणको पूर्ण सदुपयोगीता हुनु, महिला सशक्तिकरण, महिलाको भुमिकामा परिवर्तन र सामाजिक परिवर्तन हुनु, परम्परागत सिप विकासमा वृद्धि, बचत संकलन, पुँजी निर्माण र परिचालन हुने, तत्काल ऋण उपलब्ध भई आवश्यकता पूर्तिमा सहयोग गरिने, आत्म सम्मान प्रतिष्ठामा बृद्धि, सांगठनिक तथा संस्थागत विकासमा जोड, मिश्रित क्रियाकलाप गर्न सकिने, लघुवित्त संगसंगै सामाजिक क्रियाकलाप तथा सामाजिक जागरण र परिचालन गरिने लगायत बचत तथा ऋण कार्यक्रम एकैसाथ संचालन गरिने जस्ता बिशेषताहरु बिद्यमान रहेका हुन्छन् । यि लघुवित्तका बिशेषताहरु पहिलेदेखि नै सहकारीमा बिद्यमान रहेको छ । तसर्थ सहकारी आफैंमा लघुवित्त कारोवार गर्ने संस्था हो । समुदायमा आधारित, संस्थागत सुशासन पालन गरेका र सहकारी ऐन, नियमावली र मापदण्डको मूल्य, मान्यता बमोजिम संचालित सहकारी संस्थाहरुमार्फत विपन्न तथा न्यून आय भएका र वित्तीय पहुँचबाट टाढा रहेका परिवार तथा व्यक्तिहरुलाई सहकारीको सदस्यमा आवद्ध गराई क्रमशः शेयर बृद्धि गर्ने गरी आर्थिक तथा सामाजिक विकास गराउने उद्देश्यले सो वर्गलाई उपलब्ध गराईने लघुऋण, बचत, लघुबीमा, विप्रेषण लगायतको वित्तीय सेवा र वित्तीय मध्यस्थताको सेवालाई लघुवित्त भनेर बुझिन्छ । नेपालमा गरिबी न्यूनिकरण गर्ने सरल र प्रभावकारी माध्यमको रुपमा लघुवित्तको अवधारण ल्याइएको पाइन्छ । ग्रामीण क्षेत्रमा बसोबास गर्ने विपन्नवर्गको

आर्थिक तथा सामाजिकस्तर उत्थान गर्न लघुवित्तको प्रभावकारितालाई विश्वका अधिकांश मूलुकहरुले मान्यता दिएको पाइन्छ । त्यसको फलस्वरुप बंगलादेशका प्रोफेसर डा. मोहम्मद युनुसले सुरु गरेको लघुवित्तको ग्रामीण बैंकिङ्ग मोडेल विश्वका कैंयन देशहरुले अङ्गीकार गरेका छन् ।

सहकारीको विकासका लागि गरिएको संबैधानिक व्यवस्था, सबै राजनैतिक दलहरुको सहकारी प्रतिको सकारात्मक दृष्टिकोण, सहकारी सम्बद्ध संघ संस्थाहरुको विकाससँगै सर्बसाधारण जनताहरुमा सहकारीद्वारा संचालित लघुवित्त पद्धति प्रतिको आकर्षण बढ्दै जानु एवम् विश्व समुदाय समेत सहकारी प्रति सकारात्मक रहनु आदि कारणले सहकारी अर्थव्यवस्थाको विकास, विस्तार र प्रबर्द्धनको कार्य अघि बढाउने सकारात्मक वातावरण तयार भएको छ । गरिवी निवारणको लागि राज्यका प्रयासहरुबाट गरिबीको अवस्थामा केही सुधार आएको भएतापनि अझैपनि गरिबीको आकार र प्रबृत्ति गम्भिर अवस्थामा नै रहेको छ । यिनै समस्या तथा चुनौतीहरुलाई ध्यानमा राखि गरिवी निवारणलाई निरन्तररुपमा योजनाबद्ध प्रयासको मुल उद्देश्यको रुपमा राख्दै सरकारका सम्पूर्ण कार्यक्रमहरु गरिवी निवारणतर्फ परिलक्षित गरिएका छन् । गरिवी न्युनीकरणका कार्यक्रमहरुमा दातृनिकायको सहयोग र प्रतिबद्धता पनि निरन्तररुपमा जारी छ ।

नेपालको सन्दर्भमा ग्रामीण क्षेत्रमा संस्थागत ऋणको पहुँच अभिबृद्धि गर्ने क्रममा २०३१ सालमा शुरुवात भएको सुपरीक्षण ऋण पछि आएर प्राथमिकता क्षेत्र ऋणको रुपमा हालसम्म पनि कार्यान्वयन भैरहेको छ । त्यस्तै संस्थागत ऋणको विकास क्रममा ग्रामीण जनताको जीवनस्तर उठाउँन र गरीब परिवारको आयश्रोतको आधारमा लक्षित समुह निर्धारण गरेर ऋण उपलब्ध गराउने उद्देश्यले आ.व.२०३१/०३२ देखि निर्देशित ऋणको रुपमा कृषि विकास बैंक मार्फत साना किसान विकास कार्यक्रम लागू भएको थियो । यसै समयमा तत्कालिन सरकारले देशको सम्पूर्ण क्षेत्रमा बैंक स्थापना गरी ग्रामीण क्षेत्रमा समेत संस्थागत ऋणको पहुँच अभिबृद्धि गर्ने उद्देश्यले ग्रामीण क्षेत्रमा बैंक स्थापना गर्ने कार्यलाई अभियान कै रुपमा अगाडि बढाइएको थियो । त्यस्तै कृषि, घरेलु उद्योग तथा सेवा व्यवसायको लागि सुलभ तथा सस्तो ऋण उपलब्ध गराउने उद्देश्यले २०३८ सालमा बाणिज्य बैंकहरु मार्फत सघन बैंकिङ्ग कार्यक्रमको थालनी भयो । त्यस्तै ग्रामीण ऋणको पहुँच अभिबृद्धिको लागि घरेलु तथा साना उद्योग परियोजना (२०३९/४०), साना किसान विकास आयोजना (२०३२), सधन बैकिङ्ग कार्यक्रम (२०३८), ग्रामीण महिलाका लागि उत्पादन ऋण कार्यक्रम (२०३९), ग्रामीण विकास बैंकहरुको स्थापना (२०४८/४९), गरीबसँग बैंकिङ्ग (२०४८), महिलाका लागि लघुऋण आयोजना (२०५२), पश्चिम तराई गरीबी निवारण परियोजना (२०५४), तेश्रो पशु विकास आयोजना (२०५३), सामुदायिक भुमिगत जल सिंचाई सेक्टर आयोजना (२०५५) तथा ग्रामीण क्षेत्रमा संचालित लघुवित्तीय संस्थाहरुलाई सुलभ र सरल ऋण उपलब्ध गराउन थोक ऋण प्रवाहको लागि ग्रामीण स्वाबलम्बन कोष (२०४७) तथा अन्य थोक ऋण प्रवाह गर्ने (राष्ट्रिय सहकारी बैंक सहित) संस्थाहरु स्थापना गरेको पाइन्छ । यस्तै ग्रामीण क्षेत्रमा वित्तीय सेवा पुऱ्याउनको लागि निजी क्षेत्रबाट पनि लघुवित्त बित्तीय संस्था, सहकारी तथा गैर सरकारी संघ/संस्थाहरु स्थापना गरेको पाइन्छ । यस्ता स्थानीय स्तरमा स्थापित संघ/संस्था तथा स्वदेशी तथा विदेशी सहयोगमा संचालित कार्यक्रमहरुले ग्रामीण क्षेत्रमा संस्थागत ऋणको पहुँच अभिबृद्धिको लागि महत्वपूर्ण योगदान पुऱ्याएका छन् । त्यसैगरी लघुवित्त संस्थाहरुलाई थोक ऋण प्रवाहको लागि २०४७ सालमा ग्रामीण स्वाबलम्बन कोषको स्थापना भएको हो । यस कोषको स्थापनाले लघुवित्तमा कार्यरत संघ संस्थाहरुलाई ऋण प्रवाहको लागि सरल र सुलभ ऋण प्राप्त हुन गएको छ । यस पश्चात लघुवित्त संस्थालाई थोक ऋण उपलब्ध गराउनको लागि रुलर माइक्रो फाइनान्स डेभलपमेन्ट सेन्टर (संचालन मिति २०५६।०८।२०), साना किसान विकास बैंक (संचालन मिति २०५८।११।०२), फर्स्ट माइक्रोफाइनान्स डेभलपमेन्ट बैंक (संचालन मिति २०६६।०९।१३), राष्ट्रिय सहकारी बैंक (स्वीकृत प्राप्त मिति २०६७।०४।०४), आरएसडिसी लघुवित्त वित्तीय संस्था (संचालन मिति २०७०।०५।२६) संचालन भएका छन् । यी संस्थाहरुको स्थापनाले लघुवित्त कारोवार गर्ने संस्थाहरुलाई थोक ऋणको उपलब्धतामा सहयोग पुग्न गएको पाइन्छ ।

हाम्रो देशमा लघुवित्त कसका लागि हो भनेर बहस चलाउन जरुरी छ । कुनैपनि वित्तीय संस्थाले लघुवित्त संचालन गर्न सक्दछन भन्ने पनि गरिन्छ । एक्लै आफ्ना आवश्यकता पूरा गर्न सक्ने, उद्देश्य पूरा गर्न सक्ने, पूँजीपति र सक्षम व्यक्तिका लागि किन लघुवित्त आवश्यकता पर्दछ ? यस्ता विषयहरु लघुवित्तमा गम्भीर प्रश्न बन्नु पर्दछ र निराकरणको पनि खोजी गर्न पर्दछ । न्यून आय वर्गले एक आपसमा संगठित भएर व्यवसायिक आधार मार्फत् क्रमशः आफ्नो आर्थिक सामाजिक विकासलाई माथि उठाउने माध्यम हो लघुवित्त । त्यसैले होला विश्वमा लघुवित्तको अवधारणा छुट्टै छ । संचालन विधि र पद्धति पनि वेग्लै छ । लघुवित्तको मूल्य मान्यता र सिद्धान्तहरु पनि छुट्टै छन् । तसर्थ लघुवित्त विपन्न वा न्यून आय भएका परिवारका सदस्य वा सामाजिक रुपले पिछडिएका महिला वा जनजाति वा दलित वर्ग वा गरीब वा सानाकिसानहरु वा कालिगढ वा मजदुर वा भूमीहिन परिवारलाई वा वित्तीय पहुँच नपुगेकाहरुको लागि, सीप, जाँगर, उत्साह भएका तर पूँजी तथा धितो नभएकाहरुको लागि र अन्य बैंक तथा वित्तीय संस्थाहरुले नपत्याएकाहरुको लागि, राष्ट्रिय अन्तर्राष्ट्रिय बजारमा पहुँच नपुग्नेहरुका लागि, राज्य र समाजबाट दृष्टि नपुगेकाहरुको लागि, कृषक, कम पूँजीवाल र निम्न आय वर्ग, श्रमिक, भूमिहीन तथा वेरोजगार, आर्थिक तथा समाजिक विकासका लागि हो । स्वभावतः लघुवित्त समाजका आर्थिक रुपले कमजोर वर्गको लागि हो । तसर्थ लघुवित्त न्यून आय वर्गको आर्थिक सामाजिक विकास गरी देशको गरिबी

निवारण गर्ने माध्यम हो । खासगरी लघुवित्तलाई त अझ देशको गरीबी निवारणको सशक्त माध्यमको रुपमा पनि गर्ने गरिन्छ ।

पछिल्लो सर्वेक्षणले देखाए अनुसार सर्वसाधारणको सबै प्रकारका बैंक तथा वित्तीय संस्थासम्मको पहुँच बढीरहेको र सहकारी संस्थाहरुलाई समेट्दा यस्तो पहुँच उल्लेख्य अवस्थामा पुगेको देखिन्छ । बैंक तथा वित्तीय संस्थाहरुको विस्तार भएकै कारणले करिव ३० वर्ष पहिले अनौपचारिक क्षेत्रसँग देखिएको ८० प्रतिशत सर्वसाधारणको निर्भरता हाल घटेको छ । यो वित्तीय पहुँच कति मात्रामा समावेशी छ भनी विश्लेषण गर्दा बैंकसँग कारोवार गरिरहेका सर्वसाधारणमध्ये महिलाहरुको अनुपात उत्साहजनक छैन । तथ्यांकले अझैपनि करीब आधा जनसंख्या वित्तीय पहुँचको दायराभित्रै पर्न नसकेको टड्कारो देखिन्छ । वित्तीय पहुँच पुगेकाहरुमध्ये पनि पुरुषको तुलनामा महिलाहरुको पहुँच कम देखिनु, शहरी जनसंख्याको तुलनामा ग्रामीण सर्वसाधारणको पहुँच कम हुनु, धनी तथा सम्पन्न वर्गको तुलनामा गरिब तथा विपन्न वर्गको पहुँच कम हुनु, शिक्षित वर्गको तुलनामा अशिक्षितहरुको पहुँच कम हुनु, सुगम क्षेत्रको तुलनामा दूर्गम क्षेत्रका वासिन्दाहरुको पहुँच कम हुनु, दुरीको हिसाबले नजिककाहरुको तुलनामा टाढाकाहरुको पहुँच कम हुनु आदि वित्तीय समावेशीकरणको सन्दर्भमा नेपालमा अझै पनि देखिएका प्रमुख समस्याहरु हुन् । यस प्रकार वित्तीय पहुँचमा सबै क्षेत्र, वर्ग, लिङ्ग, जातजाती, भाषाभाषी, उमेरसमूह आदि सबैलाई समेट्नका लागि एकातर्फ वित्तीय साक्षरतामा जोडदिन आवश्यक देखिन्छ भने अर्कोतर्फ वित्तीय पहुँचलाई अझै समावेशी बनाउँदै लैजान आवश्यक देखिन्छ । सर्वेक्षणले ८० प्रतिशत भन्दा बढी सर्वसाधारणमा मोवाइल पुगेको र करिव ६० प्रतिशत सर्वसाधारणसम्म रेडियोको पहुँच पुगेको सन्दर्भमा हाल अवलम्बन गरिएका नीतिलाई यथावत राखी आगामी दिनमा मोवाइल बैंकिङको थप विस्तार गर्ने र रेडियो, टेलिभिजन, इन्टरनेट लगायतका आमसंचारका माध्यमको प्रयोग गरी वित्तीय सचेतनाका कार्यक्रमहरु व्यापकरुपमा संचालन गरिनु वित्तीय समावेशीकरणका लागि गर्नै पर्ने एउटा प्रमुख कार्य रहेको देखिन्छ।

कृषि क्षेत्र मनसुनमा आधारित हुनु र सिँचाई सुविधा न्यून रहनु, कृषिमा अपर्याप्त बजेट विनियोजन हुनु, कृषिको व्यावसायीकरण र आधुनिकीकरण हुन नसक्नु आदि कारणले कृषि क्षेत्रका उत्पादन अपेक्षाअनुरुप भएको छैन भने ऊर्जा संकट, मजदुर व्यवस्थापन विवाद, औद्योगिक क्षेत्रमा सुरक्षाको कमी, बन्द हड्ताल, बीमा सम्बन्धी सचेतना आदिका कारण लगानीमैत्री वातावरण नहुँदा गैर कृषि क्षेत्रको उत्पादन पनि सन्तोषजनक नहुनु अर्थतन्त्रको ठुलो चुनौती हो । यसमा विनाशकारी भूकम्प र कोभिड १९ महामारीको ठुलो भूमिका भएतापनि त्यसलाईमात्र कारण देखाएर अन्य पक्षतिर ध्यान नदिन किमार्थ सकिँदैन । तसर्थ, कृषि क्षेत्रको उत्पादन वृद्धि गर्न सिँचाई सुविधाको विस्तार, कृषिमा पर्याप्त बजेट विनियोजन, कृषिको व्यावसायीकरण, आधुनिकीकरण, कृषि अनुदानमा विस्तार, उन्नत विउविजनको व्यवस्था, रासायनिक, प्राङ्गारिक मल कारखानाको स्थापना, कृषि सडक, कृषि बजार को व्यवस्था, न्यूनतम समर्थन मूल्य आदिको व्यवस्था हुनु अपरिहार्य छ भने गैरकृषि क्षेत्रको उत्पादन अभिवृद्धिको लागि उर्जा आपूर्तिको सुनिश्चितता, उद्योगी-श्रमिकमैत्री श्रम नीति, औद्योगिक सुरक्षाको प्रत्याभूति एवं बन्द हड्तालको अन्त्य र सरकारी नीतिगत सुनिश्चितताको प्रत्याभूति आवश्यक देखिएकोमा सहकारी संस्थाहरुले भने स्थानीय स्रोत र साधनको परिचालन गर्न, समुदायका लागि आवश्यक बाटो, खानेपानी, विद्यालय, स्वास्थ्य चौकी निर्माण, रक्तदान, स्वास्थ्य सेवा, मरणघाट निर्माण आदि जस्ता क्रियाकलापहरुमा आवश्यक सहयोग पुऱ्याउँदै आएका छन् ।

सहकारी न्यून आय वर्गहरु संगठित भएर व्यवसायिकताको माध्यमबाट उनीहरुको आर्थिक, सामाजिक विकास गर्ने माध्यम हो । न्यून आय वर्ग र खास गरेर गरीबहरुको जीवनस्तर उकास्ने माध्यम हो सहकारी । धनीलाई झन धनी वनाउने माध्यम सहकारी होइन भन्ने सहकारीको जन्मदाता मजदूरहरुको योगदान र प्रयासबाट नै छर्लङ्ग हुन्छ । सहकारी दर्शनका प्रवर्तक यी नै मजदूरहरुले वनाएका नियमहरुलाई आधार मानेर वनाइएको सहकारीका मूल्य, सिद्धान्त र परिभाषाले पनि सहकारीका लक्षित वर्गहरु को हुन भन्ने स्पष्ट हुन्छ । हाम्रो सहकारी ऐन, २०७४ ले पनि उल्लेखित मर्म र भावनालाई आत्मसात गरेको छ। एकल व्यवसाय संचालन गर्नसक्ने आर्थिकरुपमा सम्पन्न सक्षम मानिसको लागि सहकारीको आवश्यकता नपर्न सक्दछ । उत्पादन र मूल्य निर्धारण गर्न बजारमा धनीवर्गको एक्लै पहुँच पुग्दछ । न्यून आय वर्गको गरीबले आफ्नो उत्पादनको उचित मूल्य लिन सक्दैन । आफ्नो उत्पादनलाई बजारसम्म पुऱ्याउन सक्दैन । अरुले तोकेको मूल्यमा आफ्ना उत्पादनहरु विक्री गर्नुपर्ने बाध्यता रहन्छ। विचौलिया व्यापारीहरुले उनीहरुको उत्पादनलाई आफ्नो पकडमा लिइरहेका हुन्छन् । सहकारिताको माध्यमबाट न्यून आय वर्गहरु संगठित भएर आफ्ना उत्पादनहरुको बिक्री गर्दा विचौलियाहरु विस्थापित हुन्छन् । उत्पादक र उपभोक्ताहरुबीचको दूरीलाई सहकारीले घटाउँदछ । उत्पादकले उत्पादनको उचित लागत र उपभोक्ताले गुणस्तरीय सामान सुपथ मूल्यमा प्राप्त गर्न सक्दछ । नेपालको अर्थ बजारमा निक्षेपमा दिने व्याजदर ज्यादै कम र ऋणमा लिने ब्याजदर बढी भएको कारण आजकल निक्षेप झिकेर शेयर र घरजग्गा व्यवसायमा लगानी गर्ने प्रवृत्ति बढेको देखिन्छ । उल्लेखित चुनौतीहरुको अतिरिक्त सुशासनको कमी, गरिबी, तीव्र आर्थिक असमानता, भारतसँगको खुला सीमाना, भा.रु. सँगको स्थिर विनिमय दर, जलवायु परिवर्तन, सरकारको गैर बजेटरी खर्चमा वृद्धि, पुँजी पलायन, जनशक्ति पलायन, अव्यवस्थित वैदेशिक रोजगारी, नीति तथा नियमको प्रभावकारी कार्यान्वयनको अभाव आदि अर्थतन्त्रका यस्ता

जल्दाबल्दा चुनौतीहरु हुन्, जसको शीघ्र समाधानको लागि उपयुक्त भावी मार्ग तयगर्न आर्थिक राजनीतिक, सामाजिक, सरकारी, वित्तीय सबै सरोकारवालाहरुको सामूहिक र प्रतिबद्ध सहकार्यको आवश्यकता छ । सहकारीमा लघुवित्तको प्रभावकारी कार्यान्वयन मार्फत स्थानियस्तरमा उपलब्ध स्रोत र साधनको परिचालनको माध्यमबाट स्वरोजगार सिर्जना गराई वेरोजगारी जस्तो समस्यालाई समाधान गर्न सकिन्छ । सहकारीको स्थापनामा मध्यम तथा न्यूनआय भएका पिछडिएका समुदाय र किसानहरुको सहभागिता रहने भएकोले त्यस्ता व्यक्तिहरुसँग पूँजी र प्रविधिको अभाव रहन्छ। संस्था संचालन गर्ने व्यवसायिक ज्ञान र सीपको समेत अभाव हुन्छ। यस्तो अवस्थामा सामाजिक अर्थव्यवस्थालाई अघि बढाउन राज्य र अन्य सहयोगी संस्थाहरुको सहयोग विना सहकारी व्यवसायहरुको विकास र बृद्धि सम्भव हुदैन ।

**सहकारीको स्थापनामा मध्यम तथा न्यूनआय भएका पिछडिएका समुदाय र किसानहरूको तव्यक्तिहरूसँग पूँजी र प्रविधिको अभाव रहन्छ ।**

अहिलेसम्मको अभ्यासबाट बुझ्न सकिन्छ हाम्रो जस्तो विकासोन्मुख मुलुकमा सहकारी आर्थिक, सामाजिक विकास गर्ने दरिलो माध्यम सावित भसैकेको छ । मानिसहरुसंग छरिएर रहेको स्रोत र साधनलाई संगठित गरी सहकारी मार्फत् स्वरोजगार सिर्जना, आय आर्जन र व्यावसायिक क्रियाकलापहरु संचालन भएका छन् । सहकारीमार्फत लघुवित्त कारोवार गर्दा सामान्यतया महिलाहरुलाई नै प्राथमिकता दिनु पर्दछ किनकी पुरुषको तुलनामा महिलाको आर्थिक अवस्था निकै कमजोर हुने, सबै प्रकारका आयमूलक क्रियाकलापमा महिलाकै संलग्नता गराउँन, पुरुषको तुलनामा महिला मेहेनती र लगनशील हुने भएकोले, महिलाले विवेकपूर्ण ऋणको सदुपयोगिता गर्ने भएकोले र महिलाको आत्मसम्मानमा बृद्धि गराउँनको लागि, पुरुषको तुलनामा इमान्दारीता हुने भएकोले असुलीदर बृद्धि गराउँन र महिलाको आम्दानी पुरा परिवारमा समान वितरण हुने भएकोले, महिलाले ऋण अनुशासन कायम गर्न र गराउँन सक्षम हुने भएकोले, अर्थव्यवस्थामा महिलाको समान सहभागिता कायम गराउँन र घरपरिवार र समाजप्रति जिम्मेवार रहने वानी भएको साथै महिलाहरुमा स्वरोजगार सिर्जना गराउँन, व्यवसायी बनाउँन र आत्मनिर्भर बनाउन, आर्थिक कृयाकलापमा महिलाको क्षमता अभिबृद्धि गर्न र महिलाहरुमा अरुको भर नपर्ने बातावरण निर्माण गरी आत्मनिर्भर बनाउँन लघुवित्त प्रमूख अस्त्रको रुपमा प्रयोग गर्न सकिन्छ ।

सहकारी आफैंमा लघुवित्त कारोवार गर्ने संस्था भएतापनि लघुवित्तलाई संस्थागत स्वरुपमा सफलतापूर्वक संचालन गर्नु पूर्व निम्न वमोजिमका शर्त र आधारहरु पुरा गर्नु पर्दछ : संस्थागत ढाँचा तथा संरचना निर्माण, कार्यबिधि र लघुबित्त परिचालन नीति तर्जुमा, व्यवसायिक योजना र दिर्घकालिन रणनीति तर्जमा, कार्य योजना, संभाव्यता अध्ययन र अनुसन्धान, कार्यक्षेत्र छनौट (सर्वेक्षण, तथ्यांक संकलन र पहिचान), स्थानियस्तरमा छलफल, अर्न्तक्रिया, भेला र संवाद, संभावित सदस्य तथा अभिभावकहरुसंग छलफल, लक्षित सदस्य (समूह) पहिचान लगायत लघुवित्त संचालन सम्बन्धी नीति नियम, कार्यविधि र त्यसैगरी लघुवित्त संचालन निर्देशिका निर्माण गरिएको हुनु पर्दछ । त्यसैगरी लघुवित्त संचालन गरिने क्षेत्रको पर्याप्त अध्ययन, अनुसन्धान र बिश्लेषण भएको हुनु पर्दछ। गरीबीको पहिचानको लागि सर्वेक्षण भएको, ज्ञान भएको, क्षेत्रगत हिसाबले सदस्यहरुमा संस्थाका पदाधिकारी, व्यवस्थापक र कर्मचारीमा लघुवित्तको दोहोरोपना कम हुने क्षेत्रको पहिचान भएको, प्रतिस्पर्धि लघुवित्त कारोवार गर्ने वित्तीय संस्थाहरुको वारेमा पर्याप्त अध्ययन र अनुसन्धान भएको, अन्य संस्थाहरु भन्दा फरक, सरल, पहुँच योग्य, प्रभावकारी र पारदर्शि सेवा प्रदान गर्न कटिवद्ध भएको, एकै परिवेशमा बसेका समान आयस्तर र सामाजिकस्तर भएका सदस्यहरु, सामाजिक दबाब र एक आपसको उत्तर-दायित्व लिनसक्ने सदस्यहरुको पहिचान भएको, सरल वित्त र कम खर्चिलोमा संचालन व्यवस्था भएको, संचालन गरिने लघुवित्त सेवा आत्मनिर्भर हुने दिर्घकालिन लक्ष्य र योजना तर्जुमा गएिको, प्रभावकारी तथा उत्कृष्ट वित्तीय व्यवस्थापन भएको हुनु पर्दछ । साथै, लघुवित्त कारोवारको प्रति एकाई लागत न्यून हुनु, सदस्यहरु लागि झन्झट रहित, सजिलो र छिटो छरितो सेवा प्रदान गर्न प्रतिवद्ध, आर्थिक रुपमा अनुशासित कर्मचारी र सदस्यको समूह, आवद्ध सदस्यहरुमा वित्तीय सेवाको प्रभावप्रति चासो भएको, रणनीतिक र व्यावसायिक योजना तर्जुमाको माध्यमबाट दिगो वित्तीय सेवा प्रदान गर्ने व्यवसायिक क्षमता भएको, ऋण, बचत, बिप्रेषण, बीमा र सामाजिक सेवालाई एकआपसका परिपुरकको रुपमा स्वीकार गरी लागू गर्ने प्रक्रियामा प्रतिवद्ध भएको, समयको माग र सदस्यहरुको आवश्यकतालाई मध्यनजर गरी सेवा र कारोवारलाई परिवर्तन, परिचालन र लागू गर्न कटिवद्ध भएको हुनु पर्दछ। तब मात्र सहकारीमा लघुबित्त प्रभावकारी रुपमा संचालन गर्न सकिन्छ ।

*(लेखक राष्ट्रिय सहकारी बैंक लिमिटेडको कर्जा विभागको प्रमुख हुनुहुन्छ ।)*

# बैंकको पहुँच बाहिरका जनताको आफ्नो बैंक माङसेबुङ सहकारी

**परिचय :**

इलाम लारुम्बा र क्षेत्र आसपासका जनताको वित्तीय कारोबारका लागि सदरमुकाम वा अन्यत्र जिल्ला पुग्नुपर्ने बाध्यताका बिच स्थानियहरुकै पहलको परिणामस्वरुप स्थानियको वित्तीय पहुँच सुगम बनाउन र स्थानिय कृषि उत्पादनको सहज बजारीकरणको लागि माङसेबुङ कृषि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड इलाम जिल्लाको साविक बाँझो, इभाङ र महमाई गा.वि.स. कार्यक्षेत्र बनाई मिति २०६३ जेष्ठ २६ गते डिभिजन सहकारी कार्यालय इलाममा दर्ता नं. २७३ कायम भई स्थापना भएको थियो ।




**निर्णयमा सदस्यको पहुँच :**

हाल ३८५ सदस्य रहेको यस सहकारी संस्थाले नियमित रुपमा वार्षिक साधारण सभा गरी वार्षिक गतिविधिहरुको सार्वजनिक लेखापरिक्षण समेत सम्पन्न गर्ने गरेकोमा यस वर्ष मिति २०७८ आश्विन २१ गते २११ सदस्यहरुको उपस्थितिमा १६औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । उक्त साधारण सभामा संस्थाले गरेका गतिविधिहरुमा व्यापक छलफल अन्तरक्रियाका अलावा आगामी वर्षका लागि नीति तथा कार्यक्रम र बजेट समेत तयार पारिएको थियो ।

गत वर्षको बाह्य लेखापरिक्षक कमलराज भट्टराईले तयार गर्नुभएको लेखापरिक्षण प्रतिवेदनमाथि सार्वजनिक रुपमा छलफल गरी पारित गर्दै आगामी वर्षका लागि लेखापरिक्षकको नियुक्ति र पारिश्रमिक तोक्ने निर्णय भएको थियो । सञ्चालक समितिले गरेका कार्यहरुको सम्बन्धमा लेखा तथा सुपरिवेक्षण समितिले आफ्नो राय प्रस्तुत गर्दै सुझावसहितको प्रतिवेदन समेत पेश गरेको थियो । संस्थाले सञ्चालन गरेका विभिन्न कार्यक्रमहरुमा सदस्यहरुको राय, सल्लाह एवं गुनासो समेत लिई सञ्चालक समितिको तर्फबाट सोको सम्बोधन गरी आगामी दिनमा सदस्यहरुको माग बमोजिम नै संस्था अघि बढ्ने तय गरिएको थियो ।

सहकारीले गर्ने सम्पूर्ण गतिविधिहरु सदस्य केन्द्रीत र सदस्यप्रति नै उत्तरदायि हुने, सदस्यले सेवाको निर्माण र उपयोग समेत गर्ने यो सुन्दर उदाहरण देख्दा आफ्नो लागि आफ्नै बैंक स्थापना गर्ने माङसेबुङबासीहरुको सपनाले आज मूर्तरुप लिएको आभाष हुन्छ । आज उनीहरु स्वयं आफ्नो बचतको ब्याज निर्धारण गर्न, आफूले लिने ऋणको प्रकृया र ब्याज निर्धारण गर्न, परियोजना सञ्चालन प्रकृयाबारे निर्णय गर्न र सहकारीले बिक्रि गर्ने दैनिक उपभोग्य वस्तु कहाँबाट खरिद गर्ने र कतिमा बिक्रि गर्ने समेत निर्णय गर्न सक्ने भएका छन् । हरेक ४ वर्षमा आफ्नो संस्था सञ्चालनका लागि आफै सञ्चालक समिति र लेखा तथा सुपरिवेक्षण समिति समेत चुन्ने गर्छन् ।

**आफ्नै व्यवस्थापन :**

सदस्यहरुले नै साधारणसभाबाट निर्माण गरेको आर्थिक प्रशासनिक कार्यविधि, कर्मचारी तथा कार्यालय व्यवस्थापन कार्यविधि लगायतका थुप्रै कार्यविधि र निर्देशिकाका आधारमा सदस्यमध्ये समय दिनसक्ने वित्तीय ज्ञान भएका दक्ष र योग्य अनुभवी कर्मचारीहरुबाट

आधुनिक प्रविधिको प्रयोग गरी संस्थाको व्यवस्थापन हुन्छ जसको प्रत्यक्ष रुपमा सञ्चालक समितिले नियमन गरी समय समयमा आवश्यक राय, सल्लाह र सुझाव समेत दिने गर्छन् । अनिवार्य मासिक रुपमा सञ्चालक समितिको बैठक बसी महिनाभरीका कार्यप्रगतिका विषयमा समिक्षा गरी आगामी महिनाका लागि योजना बनाउछन् । कार्यलयको काम र सञ्चालक समितिको निर्णय कार्यन्वयनको अवस्था समेतका बारेमा कम्तिमा त्रैमासिक रुपमा लेखा तथा सुपरिवेक्षण समितिले आफ्ना राय, सल्लाह, सुझाव एवं निर्देशन समेत दिन्छन् । सदस्यहरुको सुझावका लागि सुझाव पेटिका एवं गुनासो सुन्ने अधिकारी समेतको प्रबन्ध गरिएको छ भने के काम कसरी गर्ने भन्ने स्पष्ट पारिएको सदस्य वडापत्र समेतको व्यवस्था गरी सबैले देख्ने स्थानमा राखिएको छ ।

**सेवामा सहभागिता :**

सदस्यहरुले वर्षैपिच्छे शेयर रकम वृद्धि गर्दै जान्छन् भने मासिक अनिवार्य बचत कै लागि भएपनि अनिवार्य रुपमा संस्थामा हाजिर हुने परिपाटिको विकास गरिएको छ । सबै सदस्यका लागि बचत अनिवार्य छ र व्यवसायका लागि रकम नपुग भएमा परियोजना धितोमा संस्थाबाटै ऋणको व्यवस्था समेत गरिएको छ ।  बचतको ब्याज सदस्यले नै साधारण सभा वा सदस्यको विस्तारित मञ्चबाट बजार भन्दा बढि निर्धारण गर्छन् भने ऋणको ब्याजदर बजारदर भन्दा कम निर्धारण गर्छन् । सहकारीको बचत तथा ऋण सेवा उपयोगको शर्तको रुपमा सम्पूर्ण आर्थिक कारोबार संस्थासँग (अन्य वित्तीय संस्थासँगको कारोबारमा रोक) र संस्थाले उपलब्ध गराउने दैनिक उपभोग्य वस्तुको अनिवार्य उपयोग रहेको छ । एकै सदस्यलाई बढि ऋण लगानीलाई निरुत्साहित गर्दै ऋण माग गर्ने सबै व्यवसायी सदस्यहरुलाई ऋण लगानी गर्ने नीति रहेको छ। संस्थाबाट ऋण लिई परियोजना सञ्चालन गर्ने सदस्यकहाँ विषय विज्ञ सहितको सञ्चालक र कर्मचारीको टोलि नियमित रुपमा पुग्ने र आवश्यक सरसल्लाह दिने व्यवस्था रहेको छ । कुनै समस्या भएमा सोको तत्काल समाधानका लागि समेत सहयोग गर्ने गरिएको छ ।

**सफलताको कथा :**

सदस्यहरुले संस्थाको सदस्यता लिई नियमित कारोबार र व्यवसायका लागि रकम नपुग भएमा परियोजना धितोमा संस्थाबाटै ऋण सुविधा लिई आफ्नो जीवन परिवर्तन गरेका प्रशस्त उदाहरणहरु देख्न सकिन्छ ।

**लालबहादुर आङदेम्बेको कथा**



विदेशबाट ल्याएको रकम घरखर्चमै सकिसकेका आङदेम्बेको फेरि पलायन हुनुसिवाय दोश्रो विकल्प नहुँदाका बखत २०७१ आषाढ २६ गते संस्थाको सदस्यता लिएका उनले संस्थाको सल्लाहमा उन्नत जातको गाईपालन व्यवसायको सुरुवात गरेका थिए । आज उनीसँग संस्थामा शेयर पुँजीका रुपमा ४० हजार रहेको छ भने उनी मासिक रुपमा ५ हजार बचत गर्न सक्षम भएका छन् । उनले व्यवसायमा ६ लाख लगानी गरेका छन् भने सो परियोजनामा संस्थाले सुलभ दरमा ३ लाख ऋण उपलब्ध गराएको छ । गाईपालनबाटै उनले मासिक ४५ हजार कमाई गर्छन् भने सम्पूर्ण खर्च कटाई आएको बचत मासिक बचतका रुपमा नियमित संस्थामा जम्मा गर्छन् । अहिले उनी समाजमा आर्थिक सामाजिक रुपमा सक्षम भएका छन् ।

**देउकुमार इधिङ्गोको कथा**




पलायनकै मानसिकता बनाएका इधिङ्गोकोलाई पनि संस्थाले नै व्यावसायिकताको बाटो देखाएको थियो। अहिले उनी स्वदेशमै लगानी गरी परिश्रम गरे जीवन सहज हुनेमा उदाहरण बनेका छन्। २०७४ पौष ४ मा संस्थाको सदस्यता लिएका उनले उन्नत जातको बाखापालनका लागि २ लाख ५० हजार ऋण लिई व्यवसायमा कूल १९ लाख लगानी गरेकोमा व्यवसायबाटै मासिक ३ लाख ५० हजार आम्दानी गर्छन्। सम्पूर्ण खर्च कटाई मासिक रुपमा ७५ हजार बचाउने उनले संस्थामा नियमित मासिक बचतका रुपमा ५ हजार जम्मा गर्छन् भने बाँकी रकम पुन: व्यवसायमै लगानी गर्छन् । ५ लाखबाट शुरु गरेको व्यवसाय अहिले निरन्तर आफ्नो आकार वृद्धि गरिरहेको छ । अहिले संस्थामा उनको शेयर रकम २५ हजार र बचत रकम २ लाख ५० हजार रहेको छ ।

**भीमकुमार लिम्बुको कथा**



उन्नत जातको बाखापालन व्यवसायबाटै जीवन परिवर्तन गर्ने अर्का उदाहरण हुन् भीमकुमार लिम्बु । सबैको जस्तै उनको पनि देशमै रोजगारी सृजना गर्न सकिन्छ भन्नेमा विश्वास थिएन् । विदेशिनुमा फाइदै फाइदा देखेका उनले वैदेशिक रोजगारीमा सोचेजस्तो आर्जन गर्न नसकेपछि विदेश नफर्कने निर्णय गर्दै २०७७ मंसिर ९ मा सहकारीको सदस्यता लिई कारोबार शुरु गरे र उन्नत जातको बाखापालन व्यवसायका बारेमा अध्ययन गर्न थाले । २०७७ चैत्रबाट आफ्नो सबै जोहो गरेको रकमबाट १२ लाख र सहकारीको ऋण ३ लाख गरी १५ लाखबाट व्यवसाय शुरु गरेका उनको अहिले सहकारीमा शेयर ५० हजार र बचत २ लाख छ भने व्यवसायको मासिक आम्दानी ४ लाख ५० हजार छ। सबै खर्च कटाएर ३७ हजार ५ सय बचाउछन् । मासिक अनिवार्य बचतका रुपमा २ हजार ५ सय सहकारीमा जम्मा गरी बाँकी रकम पनि व्यवसायिक तरलताका लागि संस्थाकै ऐच्छिक बचतमा राख्छन् कसैलाई भुक्तानी दिनुपरे सहकारीकै भुक्तानी पूर्जी थमाउँछन् ।

**परियोजनाका कथा**

संस्थाले नेपाल लाइभस्टक सेक्टर इनोभेसन परियोजनाको पुरक अनुदान र राष्ट्रिय सहकारी बैंक इलाम शाखाको वित्तीय सहयोगमा शुद्ध दूध उत्पादनका लागि उन्नत गाईपालन उप आयोजना अन्तर्गत सदस्यको उत्पादित दूधलाई मूल्य श्रृङ्खलामा जोड्ने प्रयासको शुरुवात गरेको छ। उक्त परियोजना मिति २०७८ आश्विन २५ मा कूल लागत ७१,००,८४९ मा शुरु गरी २०७९ बैशाख ३० मा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। परियोजनाको ५० प्रतिशत ३५,५०,४२४.५ पुरक अनुदान र ३५,५०,००० बाह्य ऋणबाट १० महिला र १० पुरुष गरी जम्मा २० व्यवसायिक सदस्यको परिवार २० थान पानीखाने डुँड र कम्पोष्ट पिटसहितको सुधारिएको गोठ, ४० थान उन्नत जातको गाई, १० थान च्यापकटर, ४० लिटर क्षमताको ५ थान मिल्क क्यान, व्यावसायिक गाईपालन तालिम गोष्ठी, पशुबिमा र पशुआहार दानापानी व्यवस्थापन सेवा समेतबाट लाभान्वित हुने भएका छन्।

**राष्ट्रिय सहकारी बैंक लि. र सहकारी संस्था :**

बैंकसँग नियमित कारोबार गरिरहेको यस संस्थाले बैंकको १ लाख बराबरको शेयर खरिद गरेको छ भने बैंकबाट ३५,५०,००० बिनाधितो सञ्चालकहरुको समूह जमानीमा गरिबी निवारण कर्जा उपयोग गरीरहेको छ। बैंककै सहयोगमा संस्थाले विप्रेषण सेवाको समेत शुरुवात गरेको छ भने बैंकले उपलब्ध गराएका विभिन्न आधुनिक बैंकिङ्ग सेवा तथा गैरबैंकिङ्ग सेवा समेतको उपयोग गरिरहेको छ। भौगोलिक दूरीका कारण सम्पूर्ण नियमित कारोबार बैंकसँग गर्न नसकेपनि संस्थाले तरलताको अवस्थामा बैंकमा नै बचत गर्ने गरे को छ। संस्थाले गर्ने कार्यक्रमहरुमा बैंकको आवश्यक राय, सल्लाह र सुझाव उपस्थिति रहने गरेको छ।

## राष्ट्रिय सहकारी बैंकको न्युरोड शाखा कार्यालय स्थानान्तरण

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडको न्युरोड शाखा कार्यालय स्थानान्तरण भएको छ। (साविक) काठमाडौं जिल्ला स्थित न्युरोडमा रहेको कार्यालय हाल पहिलेको कार्यालय भन्दा एक सय मिटर पूर्वमा रहेको काठमाडौं महानगरपालिका वडा नं. २२, स्थित शासा कम्प्लेक्सको तेस्रो तल्लामा स्थानान्तरण भएको हो।



स्थानान्तरण भएको शाखा कार्यालयको माघ १६ गते बैंकका अध्यक्ष के.बी उप्रेतीले शुभारम्भ गर्नु भयो। सो अवसरमा बोल्दै 'उहाँले जस्तो सुकै अवस्थामा पनि बैंकले सहकारी संघ/ संस्थाहरुको आवश्यकता पुरा गर्न तत्पर रहेको भन्दै सहकारी संघ/ संस्थाको हरेक समस्या समाधानमा बैंक सहयोगी हुने बताउनु भयो। उहाँले "वित्तीय तथा गैर-वित्तीय क्षेत्रमा बैंकले उत्कृष्ट सेवा प्रदान गरेको भन्दै सम्पूर्ण सहकारी संघ/संस्थाहरुलाई राष्ट्रिय सहकारी बैंकमै सबै वित्तीय कारोवार गर्न आग्रह गर्नु भयो"।

नयाँ स्थानान्तरण भएको स्थानमा आधुनिक सुविधा सम्पन्न कार्यालय बनाईएको छ, भने प्रयाप्त पार्किङको व्यवस्था रहेको छ। स्थानान्तरण भएको ठाउँबाट सम्पुर्ण सेवा संचालन गरिएको शाखा प्रमुख केदारनाथ उप्रेतीले जानकारी दिनु भयो।

कार्यक्रममा बैंकका संचालकहरु रामहरी बजगाँई, ज्ञान बहादुर तामाङ्ग, पार्वती थापा मगर, प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाई, प्रबन्धक मोहन बहादुर कार्की, शाखा समन्वय उप-समितिका संयोजक तथा सदस्य, बैंकका सदस्य सहकारी संघ संस्थाका प्रमुख एवम् प्रतिनिधिहरु, बैंकका

## सहकारी पत्रकार समाजको कार्यसमितिलाई बैंकको बधाई

ललितपुर। राष्ट्रिय सहकारी बैंकले नेपाल सहकारी पत्रकार समाज (सिजेएन) को ११ औं वार्षिक साधारण सभाबाट निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुलाई बधाई तथा शुभकामना दिएको छ।

माघ २३ गते बैंकको केन्द्रीय कार्यालय कुपण्डोल, ललितपुरमा आयोजना गरेको स्वागत, बधाई तथा शुभकामना कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी पत्रकार समाजका नव-निर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना दिदैं सिजेएन र बैंकको सहकार्यमा सहकारी संघ/संस्थाहरुको थप विकास प्रवर्द्धन गर्न सकिने बताउनुभयो। उहाँले सहकारीको क्षेत्रसंग जोडिएका विषयबस्तुलाई सत्य-तथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न आग्रह गर्नु भयो।

अध्यक्ष उप्रेतीले सहकारी क्षेत्रका कतिपय कमी कमजोरीहरुको खबरदारी गर्दै सकारात्मक तथा उत्प्रेरणामुलक कामहरु सम्प्रेषण हुनु पर्ने बताउनु भयो।

उहाँले सिजेएनको स्थापनाकाल देखिनै आफु संग-संगै भएकोले बैंक र सिजेएनको सम्बन्धलाई झन प्रगाढ बनाएर अघि बढ्ने उल्लेख गर्नु भयो।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले सिजेएनको सहकार्यमा बैंकले विभिन्न कार्यक्रम गरेको भन्दै आगामी दिनमा पनि बैंकले लिएको लक्ष्य तथा उद्देश्यहरुमा निर्वाचित कार्यसमितिसँग थप सहकार्य गर्दै सहकारी क्षेत्रको विकास र प्रगतिका लागि अघि बढ्ने कुरामा बैंक प्रतिबद्ध रहेको बताउनु भयो।

कार्यक्रममा सिजेएनका पूर्व अध्यक्ष डिल्ली सापकोटा र नि-वर्तमान अध्यक्ष खिलानाथ दाहालले सिजेएनका कार्यसमितिलाई विगतका वर्षहरुमा राष्ट्रिय सहकारी बैंकलेनै बधाई तथा शुभकामना दिने कार्यको सुरुवात गरेको भन्दै नयाँ निर्वाचित कार्यसमितिलाई पनि बैंकसंगको सहकार्य विगतको भन्दा प्रभावकारी बनाई अघि बढ्न आग्रह गर्नु भयो।

## दमौलीमा तरलता व्यवस्थापन तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड दमौली शाखाको आयोजनामा एक दिने तरलता व्यवस्थापन तालिम सम्पन्न भएको छ। दमौली शाखामा कारोबार गर्ने सहकारी संघ/संस्थाहरुलाई तरलता व्यवस्थापनको विषयमा जानकारी दिने उद्देश्यले माघ १६ गते भर्चुअल मार्फत तालिम सम्पन्न भएको हो।

तालिमको सुरुवात गर्दै बैंकका अध्यक्ष के.बी. उप्रेतीले सहकारी संघ/संस्थाहरुको तरलता व्यवस्थापनको लागि राष्ट्रिय सहकारी बैंकले दुई अर्बको तरलता व्यवस्थापन कोष स्थपना गरेको जानकारी गराउदै बैंकका सदस्यहरुलाई तरलताको संङकटको समयमा पनि कुनै अभाव हुन नदिने प्रतिवद्धता जनाउनु भयो।

तत्काल आउन संकट व्यवस्थापनका लागि सहकारीको पैसा सहकारी बैंक वा संघहरुमा राख्न अनुरोध गर्नु हुँदै उहाँले "सहकारी संस्थाहरुले कर्जा प्रवाह गर्दा उत्पादन, रोजगारी र आर्थिक बृद्धि गर्ने क्षेत्रमा मात्रै गर्नु पर्ने बताउनुभयो। उहाँले सहकारीहरुले कर्जालाई व्यवस्थित गर्न सकेमा तरलताको अभाव नहुने बताउनु भयो। उप्रेतीले यस्तो गर्दा समग्र सहकारी क्षेत्र सहकारी बैंक दुबै मिलेर मात्रै तरलता अभावलाई सहजता पार्न सक्ने बताउनु भयो। त्यस्तै उहाँले मौद्रिक नीतिको समिक्षाले बैंक तथा वित्तीय संस्थाको लागि कर्जा-निक्षेप अनुपात (सीडी रेसियो) व्यवस्थामा केही लचकता अपनाएको बताउनु भयो।

कार्यक्रममा बैंकका संचालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जि.सीले अहिले देखिएको तरलताको समस्या भनेको बैंक तथा वित्तीय संस्थाहरूले बैंकिङ आचरण पालना नगरेको, नियमनकर्ताले आफ्नो कर्तव्य पूरा नगरेको र अनुत्पादक क्षेत्रमा भएको अधिक लगानीको कारण देखिएको भन्दै त्यसलाई सुधार गर्न सकेमा तरलतालाई व्यवस्थापन गर्न सकिने बताउनु भयो।

तालिममा तनहुँ, गोरखा र लमजुङका सहकारी संघ/संस्थाका प्रतिनिधिहरुको सहभागिता रहेको थियो। तालिमको सहजिकरण केशव प्रसाद पोखरेलले गर्नु भएको थियो। बैंकको तालिम विभागका वरिष्ठ अधिकृत मिना कुमारी शर्माले संचालन गर्नु भएको तालिमको दमौलि शाखाका शाखा प्रमुख उपेन्द्र दाहालले स्वागत मन्तब्य राख्नु भएको थियो।

## सहकारी बैंकको अर्धवार्षिक समिक्षा

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेडको अर्धवार्षिक समिक्षा कार्यक्रम माघ २४ गते सम्पन्न भएको छ। माघ २३ देखी भर्चुअल माध्यमबाट शुरु भएको कार्यक्रममा माघ २३ गते आईतबार ४५ वटा शाखाको र माघ २४ दोस्रो दिन थप २३ वटा शाखा कार्यालयहरुको समिक्षा भएको हो।

कार्यक्रममा शाखा प्रमुखहरुले आ-आफ्नो शाखाले चालु आर्थिक वर्ष २०७८/०७९ को पौष मसान्तसम्म शाखाको लक्ष्य तथा चुनौती लगायत समग्र गतिविधिहरुको शाखागत प्रस्तुतीकरण गर्नु भएको थियो।




कार्यक्रममा बैंकका अध्यक्ष के.बी उप्रेतीले बैंकको चालु आर्थिक वर्ष २०७८/०७९ को ६ महिनाको समिक्षा गदै चालु आर्थिक वर्षको लक्ष्यमा केन्द्रीत हुन शाखा प्रमुखहरुलाई निर्देशित दिनुभयो। उहाँले बैंकको उद्देश्य हासिल गर्नका लागि शाखा प्रमुखहरुलाई आग्रह समेत गर्नं भयो। त्यस्तै प्रमुख कार्यकारी अधिकृत बद्रीकुमार गुरागाईले उच्च मनोबलका साथ कार्य सम्पादन गर्न शाखा प्रमुखहरुलाई अनुरोध गर्नु भयो।

बैंकका सदस्य सेवा डिभिजन प्रमुख राम बाबु आचार्यले संचालन गर्नु भएको समिक्षा कार्यक्रममा बैंकको सञ्चालक समिति र लेखा समितिका पदाधिकारी तथा सदस्यहरु, उच्च व्यवस्थापनका कर्मचारीहरु र सबै शाखा प्रमुखहरुको सहभागिता रहेको थियो।

## किर्तिपुरमा संरक्षित पूँजि फिर्ता कोष परिचालन तालिम

ललितपुर। राष्ट्रिय सहकारी बैंक लिमिटेड किर्तिपुर शाखाको आयोजनामा संरक्षित पूँजि फिर्ता कोष परिचालन सम्बन्धी एक दिने तालिम सम्पन्न भएको छ।

बैंकको किर्तिपुर शाखाको आयोजनामा माघ २३ गते भर्चुअल माध्यमबाट आयोजना गरेको तालिमको उद्घाटन गर्दै बैंकका अध्यक्ष के.बी.उप्रेतीले सहकारी ऐनमा व्यवस्था भए अनुसार संरक्षित पूँजि फिर्ता कोषलाई प्रभावकारी परिचालनका लागि सहकारी संघ संस्थाहरुलाई आव्हान गर्नु भएको थियो।

उहाँले सहकारी ऐन र नियमावली अनुसार सहकारी संघ संस्थाहरुको खुद वचतबाट संरक्षित पूँजि फिर्ता कोषमा छुट्टिएको रकमलाई प्रभावकारी कार्यान्वयन गर्न सकेमा सहकारीमा सदस्यहको आकर्षण बढ्ने बताउनुभयो। शेयर लाभांश बाहेक कारोबारका आधारमा अतिरिक्त रकम पाइने भएकाले सदस्यहरुले सहकारीसंग कारोबार बढाउने उहाँको भनाइ थियो।

सहकारी ऐन अनुसार संरक्षित पूँजि फिर्ता कोषको रकम सदस्यहरुले वार्षिक रुपमा कारोबार गरेको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ।

बैंकको बुटवल शाखाका प्रमुख नारायण वेल्वासेले सहकारीमा संरक्षित फिर्ता पूँजि कोषको कानुनी प्रावधान, यसको महत्व र परिचालन गर्ने तरिका लगायतका विषयमा सहजीकरण गर्नु भएको थियो। बैंकको किर्तिपुर शाखाका प्रमुख समिर मानन्धरले स्वागत गरेको कार्यक्रमको सञ्चालन तालिम विभागका वरिष्ठ अधिकृत मिना शर्माले गर्नु भएको थियो।

भर्चुअल रुपमा सञ्चालित तालिममा त्यस क्षेत्रमा सञ्चालित विभिन्न सहकारी संघ संस्थाका ५० जनाको सहभागिता रहेको थियो।

## सहकारीमा सम्पत्ति दायित्व व्यवस्थापन कार्यक्रम

ललितपुर । राष्ट्रिय सहकारी बैंकको आयोजनामा सहकारी संघ संस्थाहरुमा तरलताको समग्र व्यवस्थापन सम्बन्धि "सहकारी संस्थामा सम्पत्ति दायित्व व्यवस्थापन" विषयक छलफल कार्यक्रम फागुन ३ गते सम्पन्न भएको छ ।

पछिल्लो समय बजारमा लगानी योग्य पूँजी (तरलता) अभाव बढेसंगै त्यसलाई व्यवस्थापन गर्ने उद्देश्यका साथ बैंकले सहकारी संघ संस्थाका प्रतिनिधिहरुको लागि भर्चुअल माध्यमबाट "सहकारी संस्थामा सम्पत्ति दायित्व व्यवस्थापन" कार्यक्रम सम्पन्न गरेको हो ।

बैंकका संचालक तथा गण्डकी प्रदेशका संयोजक राम बहादुर जि.सी.ले कार्यक्रमको सुरुवात गर्दै सहकारीमा तरलता संकट गहिरिन नदिन अभियानबीच सहकार्य र एकता तथा नियामक निकायको सहयोगी भूमिकाको अपेक्षा गरिएको बतउनु भयो । उहाँले त्यसका लागि सहकारीको पैसा सहकारीमै राख्न आग्रह गर्नु भयो ।

कार्यक्रममा बैंकिङ तथा सहकारी क्षेत्रको विज्ञ पुष्पराज भण्डारीले सहकारी संस्थामा न्यून तरलताको असर र व्यवस्थापन, सहकारी संस्थामा सम्पत्ति दायित्व व्यवस्थापनको महत्व, सहकारी संस्थामा सम्पत्ति दायित्व उप-समितिको गठन तथा काम, कर्तव्य एवम् भुमिका, सहकारी संस्थामा सम्पत्ति दायित्व सम्बन्धी निर्णयको लागि आवश्यक तथ्याङ्कहरु र सम्पत्ति दायित्व उपसमितिको निर्णयको नमुनाका विषयमा सहजीकरण गर्नु भएको थियो । बैंकका बरिष्ठ प्रवन्धक राम बाबु आचार्यले संचालन गर्नु भएको कार्यक्रममा देशभरीका सहकारी संघ संस्थाहरुबाट एक हजार भन्दा बढी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

## सुर्खेतमा स्तरीकरणमा आवद्ध संस्थाहरुको समिक्षा

ललितपुर । सिद्धार्थ बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड विरेन्द्रनगर सुर्खेतको आयोजनामा राष्ट्रिय सहकारी बैंकले संचालन गरेको स्तरीकरण कार्यक्रम अन्तरगत केयर कार्यक्रममा आवद्ध संहकारी संस्थाहरु बिच 'समिक्षात्मक गोष्ठी' कार्यक्रम सम्पन्न भएको छ ।

फाल्गुण ११ गते सिदार्थ बहुउद्देश्यीय सहकारी संस्थाको सभाहलमा भएको कार्यक्रममा सहकारी क्षेत्रको गुणात्मक सुधारका लागि सहकारी स्तरीकरण कार्यक्रम अन्तर्गत राष्ट्रिय सहकारी बैंकले संचालन गरेको केयर कार्यक्रममा आवद्ध त्यस क्षेत्रका सहकारी संस्थाहरुका पदाधिकारी, संचालक, विभिन्न उप-समितिका संयोजक तथा सदस्यहरु, कर्मचारीहरु र सदस्यहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै राष्ट्रिय सहकारी बैंकका संचालक एवम् कर्णाली प्रदेशका संयोजक हरिहर नाथ योगीले केयर कार्यक्रमले संस्थाको विकास र प्रवर्द्धनमा सहयोग पुरने बताउनु भयो । उहाँले "कार्यक्रममा आवद्ध सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध हुने भएकोले पनि यो कार्यक्रमले सहकारी संस्थाहरुलाई फाईदा हुने बताउनु भयो"। सहकारी संस्थाहरुको संचालनलाई थप व्यवस्थित गरी गुणात्मक सुधार मार्फत सहकारी अभियानको उच्च छवि निर्माणमा पनि यस कार्यक्रमले प्रत्यक्ष सहयोग गर्ने बताउनु भयो ।

समिक्षात्मक गोष्ठी कार्यक्रमबाट १४ बुँदे निश्कर्ष निकालिएको छ। संस्थाले जोखिममा रहेको ऋणको आधारमा ऋण सुरक्षणको व्यवस्था गर्ने, प्रत्येक संस्थाले अर्धवार्षिक समिक्षा वैठक गर्ने, यस वर्ष कम्तिमा १५ प्रतिशत सदस्यहरुलाई सहकारी शिक्षा प्रदान गर्ने, संस्थाका सवै कर्मचारीहरुलाई कार्य विवरण प्रदान गर्ने र असार मसान्त पछि सबै कर्मचारीहरुको वार्षिक कार्यसम्पादन मुल्याङ्कन गर्ने लगायतको रहेका छन् ।

कार्यक्रम सिदार्थ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष टोप बहादुर टलामीको अध्यक्षतामा भएको थियो ।

## स्तरीकरणमा आवद्ध सुदूरपश्चिम प्रदेशका संस्थाहरु बीच 'समिक्षा गोष्ठि'

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको प्राविधिक सहयोग र हिमशिखर बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा केयर कार्यक्रममा आवद्ध सुदूरपश्चिम प्रदेशका संस्थाहरु बीच 'समिक्षा गोष्ठि' सम्पन्न भएको छ ।

फाल्गुण १२ गते कैलालीको धनगढी स्थित देव तालिम केन्द्रको सभाहलमा आयोजित कार्यक्रममा सुदूरपश्चिम प्रदेश अन्तर्गतका केयर कार्यक्रममा आवद्ध सहकारी संस्थाहरुबीच सिकाई अनुभव साटासाट गर्ने उद्देश्यका साथ ११ वटा सहकारी संस्थाका पदाधिकारी, संचालक, विभिन्न उपसमितिका संयोजक तथा सदस्य, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापक तथा कर्मचारीहरुको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटन पछि बोल्दै बैंकका संचालक तथा सुदूरपश्चिम प्रदेशका संयोजक शिवा थापाले सहकारीहरुको संस्थागत विकाससंगै समग्र सहकारी क्षेत्रको साख बढाउनका लागि स्तरीकरण कार्यक्रम प्रभावकारी हुने बताउनु भएको छ ।

उहाँले सहकारी संस्थाहरुको आन्तरिक व्यवस्थापनमा सुधार ल्याई सहकारीमार्फत गरिने व्यवसायलाई थप प्रभावकारी बनाउनका लागि स्तरीकरण कार्यक्रम अन्तर्गतको केयर कार्यक्रमले सहकारी संस्थाको संस्थागत विकास तथा स्तरोन्नतीका लागि संस्थाको विनियम अद्यावधिक, कार्यविधिहरु निर्माण एवम् अद्यावधिक योजना निर्माण एवम् समीक्षा, नेतृत्व व्यवस्थापनको दक्षता अभिवृद्धी, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन लगायत गैर-वित्तीय पक्ष एवम् वित्तीय व्यवस्थापन तथा स्वस्थता कायम गर्न आवश्यक प्राविधिक सहयोग उपलब्ध हुने बताउनु भयो ।

कार्यक्रममा बैंकको स्तरीकरण विभागका प्रमुख भरत कुमार चिमरिया र अधिकृत नव कुमार अधिकारीले स्तरीकरण अन्तर्गतको केयर कार्यक्रमको सञ्चालन प्रक्रिया, प्रभावकारिता र सहकारीको समग्र अवस्था सुधारमा खेल्न सक्ने भूमिकाका बारेमा सहजीकरण गर्नु भएको थियो । संस्थाको वित्तीय तथा गैर वित्तीय अवस्था सुधारका लागि बैंकले सञ्चालन गरेको स्तरीकरण कार्यक्रम सहयोगी हुने उहाँहरुको भनाइ थियो ।

बैंकले सहकारीहरुको सञ्चालन प्रक्रियालाई व्यवस्थित गर्ने, सहकारी संघ संस्थाको सेवालाई गुणस्तरीयता सुनिश्चित गर्ने, समय सापेक्ष क्षमता अभिवृद्धि गर्ने तथा सहकारी संघ संस्था र सहकारी अभियानको छवि उच्च बनाउने उद्देश्यका साथ सहकारी स्तरीकरण अन्तर्गत केयर कार्यक्रम सञ्चालन गरेको छ ।

## दोलखामा सहकारीका बजार प्रतिनिधिलाई तालिम




ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड दोलखा शाखाको आयोजनमा संचालन भएको "सहकारीका बजार प्रतिनिधिहरुको क्षमता विकास" तालिम फाल्गुण १३ गते सम्पन्न भएको छ ।

जिल्ला सहकारी संघ लिमिटेड दोलखाको सभाहलमा ५ दिनसम्म संचालित भएको तालिममा विभिन्न सहकारी संघ संस्थाका ३० जना भन्दा बढी सहकारीका बजार प्रतिनिधिहरुको सहभागीता रहको थियो । तालिमको सहजीकरण प्रशिक्षक भोलानाथ खतिवडाले गर्नु भएको थियो । तालिम समापन समारोहमा बोल्दै बैंकको दोलखा शाखाका प्रमुख हेमन्त चौलागाईले 'सहकारीका बजार प्रतिनिधि संस्थाको महत्वपूर्ण जिम्मेवारीमा र सदस्यको नियमित सम्पर्कमा रहने भएकोले उत्कृष्ट कार्य सम्पादन गर्नको लागि तालिम फलदायी हुने बताउनुभयो । उहाँले बैंकले प्रदान गर्ने हरेक तालिममा सहभागी भई उच्च ज्ञान हासिल गर्न र सहकारी क्षेत्रको उत्कृष्ट कर्मचारी बन्ने अवसर प्राप्त गर्न सहभागीहरुलाई आग्रह गर्नुभयो' ।

उहाँले 'बजार प्रतिनिधिहरुले संस्थाबाट पाउने सेवा सुविधा आफुले गर्ने कार्य सम्पादनमा भर पर्ने भएकोले असल बजार प्रतिनिधि मात्र नभई भविष्यको असल प्रबन्धक बन्ने उद्देश्यका साथ काम गर्न सुझाव दिनुभयो ।

तालिममा सहभागिहरुले तालिम निकै उपयोगि भएको भन्दै बैंकलाई धन्यबाद दिएका थिए, आगामी दिनमा पनि क्षमता विकास हुने खालको तालिम संचालन गर्न बैंकलाई अनुरोध गरेका छन् ।

## बैंकका सञ्चालक मानन्धर सहकारी विकास बोर्डको सदस्य नियुक्त

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक केदार मानन्धर राष्ट्रिय सहकारी विकास बोर्डको कार्यकारी सञ्चालक सदस्यमा नियुक्त हुनुभएको छ । उहाँ सहित अन्य पाँच जनालाई भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री शशी श्रेष्ठले बोर्डको कार्यकारी सञ्चालक सदस्यमा नियुक्त गर्नु भएको हो ।



यस अघि दुई कार्यकाल बोर्ड सदस्यमा रहेर काम गरिसक्नु भएका मानन्धरलाई यो पटक बागमती प्रदेशको प्रतिनिधित्व हुने गरी आगामी दुई वर्षको लागि मनोनयन गरिएको हो । उहाँ सहित सुदूरपश्चिम प्रदेशबाट दशरथ भण्डारी, लुम्बिनी प्रदेशबाट सन्दीप सापकोटा, गण्डकी प्रदेशबाट पोषणराज सुवेदी र मधेश प्रदेशबाट शम्भुबहादुर खड्का नियुक्त हुनु भएको छ । नागार्जुन नगरपालिका वडा नम्बर-५, काठमाडौं निवासी मानन्धर विगत २२ वर्ष देखी सहकारी क्षेत्रमा क्रियाशिल हुनुहुन्छ ।

यसअघि बोर्डको सह-अध्यक्षमा राष्ट्रिय सहकारी बैंकका लेखासुपरिवेक्षण समितिका सदस्य मित्रराज दवाडी नेपाल सरकार मन्त्रीपरिषद्को निर्णयबाट नियुक्त हुनुभएको थियो ।

यसैगरी बोर्ड सदस्य मानन्धरलाई बैंकको केन्द्रीय कार्यालयमा एक कार्यक्रमको आयोजना गरी फाल्गुण १५ बधाई तथा सफल कार्यकालको शुभकामना ज्ञापन गरिएको छ । उहाँलाई बैंकका अध्यक्ष के.बी. उप्रेती सहित संचालकहरु, बैंकका उच्च व्यवस्थापनका कर्मचारीहरुको उपस्थितिमा बधाई तथा शुभकामना ज्ञापन गरिएको छ ।

## अर्घाखाँचीमा सहकारी व्यवस्थापन तालिम

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेड बुटवल शाखाको प्राविधिक सहयोग र अर्घाखाची जिल्लास्थित सितगंगा नगरपालिकाको आयोजनामा २ दिने सहकारी व्यवस्थापन तालिम फाल्गुण १९ गते सम्पन्न भएको छ ।

नगरपालिका भित्र रहेका सहकारी संस्थाका संञ्चालक तथा कर्मचारीहरुलाई लक्षित गरि आयोजना गरेको तालिममा सितगंगा नगरपालिका कार्यक्षेत्र बनाई संचालनमा रहेका १७ सहकारी संस्थाका २२ जनाको सहभागिता रहेको थियो ।

तालिमको समापनमा सहभागिहरुको तर्फवाट हाम्रो सितगंगा बहुउदेश्यीय सहकारीका अध्यक्ष शालिकराम अधिकारीले तालिम निकै प्रभावकारी तथा फलदायि भएको भन्दै आगामि दिनमा संस्थालाई सहकारी सिद्धान्त मुल्य मान्यतालाई आत्मसाथै गदै संचालन गर्ने प्रतिवद्धता व्यक्त गनुभएको थियो ।

साथै जलुके कृषि तथा पशु महिला सहकारी संस्थाका सचिव सिमा श्रेष्ठले तालिमबाट सदस्यको आर्थिक सामाजिक बिकास गर्ने अभियानको रुपमा संस्था संचालन गर्ने हौसला प्राप्त भएको बताउनु भयो । नगरपालिका प्रमुख सुर्य अधिकारीको अध्यक्षतामा भएको तालिमा बैंकको बुटवल शाखाका प्रमुख नारायण बेल्वासेको सहजिकरण, नगर पालिका सहकारी शाखा प्रमुख नगेन्द्र नेपालको संचालनमा सम्पन्न भएको थियो ।




... **नायव महाप्रबन्धक खड्का,** भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका वडा नम्बर-१, दुवाकोट निवासी खड्का करिब तिन दशकदेखि बैकिङ्ग क्षेत्रमा अनुभव संगाल्नु भएको छ । नविल बैंक, बैंक अफ् काठमाडौ, प्राईम कमर्सियल बैंक, टुरिजम बैंक लगायतका बैंकहरुमा उच्च व्यवस्थापनमा रहेर काम गर्नु भएको थियो, तत्कालिन समयमा टुरिजम बैंक मर्ज पश्चात बनेको मेगा बैंकमा उहाँ नायव महाप्रवन्धकको रुपमा कार्यरत हुनुहुन्थ्यो ।

व्यवस्थापन विषयमा स्नातकोत्तर गर्नु भएका खड्काको २९ वर्षे बैकिङ्ग करियरमा नेतृत्व विकास, व्यवसाय विस्तार, संस्थागत विकास, कर्पोरेट म्यानेजमेन्ट लगायतको क्षेत्रहरुमा विशेष अनुभव रहेको छ ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेतीले स्वागत गर्दै यस अघिको बैकिङ्ग क्षेत्रमा भएको अनुभव र नयाँ योजनाका साथ कार्य गरी बैंकको विकास र प्रवर्द्धनमा योगदान गर्न आग्रह गर्नु भयो । नायव महाप्रबन्धकमा खड्कालाई प्रमुख कार्यकारी अधिकृत पछिको दोस्रो वरियता हुने गरी नियुक्त गरिएको बैकका अध्यक्ष के.बी. उप्रेतीले बताउनु भयो ।

स्वागत कार्यक्रममा बोल्दै नवनियूक्त नायव महाप्रबन्धक खड्काले आफ्नो अनुभवलाई राष्ट्रिय सहकारी बैंकको व्यवसाय विस्तार र संस्थागत विकासको क्षेत्रमा लगाउने भन्दै सहकारी बैंकलाई आधुनिक टेक्नोलोजि र डिजिटाइजेशनको क्षेत्रमा विकास गर्ने गरी बैकिङ्ग क्षेत्रमा आफुले हासिल गरेको अनुभवलाई कार्यान्वयनमा ल्याउने गरी कार्य गर्ने उल्लेख गर्नु भयो ।

उहाँले बैंक प्रतिको जनविश्वास, निष्ठा कायम राख्दै गुण्स्तरीय सेवा प्रदान गर्न सदा तत्पर रहने प्रतिबद्धता जनाउनु भएको छ । त्यसैगरी उहाँले बैंकको लक्ष्य र उद्देश्य प्राप्तिका लागि आफु साथसाथै सम्पूर्ण कर्मचारीलाई प्रयत्नशिल रहन आग्रह गर्नु भएको छ ।

कार्यक्रममा बैंकका अध्यक्ष के.बी.उप्रेती, संञ्चालकहरु सरिता भट्टराई, रामहरी बजगाई, ज्ञान बहादुर तामाङ्ग, पार्वती थापा मगर, केदार मानन्धर, प्रमुख कार्यकारी अधिकृत बद्री कुमार गुरागाई, सहायक महाप्रबन्धक राजेश श्रेष्ठ, उच्च व्यवस्थापन समुहका प्रमुखहरु लगायत केन्द्रीय कार्यालयमा कार्यरत कर्मचारीहरुको सहभागिता रहेको थियो ।

... **सहकारीहरुको आफ्नै ब्राण्डको 'कोप कार्ड',** बढाएको उल्लेख गर्दै बैंकमा उक्त यूनिटलाई परिचालन गरि सहकारी संस्थाहरुमा भएका प्रविधिलाई स्तरोन्नती गर्ने तथा विकसित बैंकिङ प्रविधि भित्र्याउन समन्वयात्मक भुमिका निर्वाह गर्ने बताउनु भयो। एससिटीका प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजुले बैंकसँगको यो सहकार्यले कम्पनी उत्साही भएको बताउँदै उत्कृष्ट सेवा प्रदान गर्न तत्परताका साथ लाग्ने बताउनु भयो।

नेपाल राष्ट्र बैंकको नीति र निर्देशन अनुरुप समग्र भुक्तानी प्रणालीमा र विद्युतीय कारोवारमा एटिएम कार्ड, स्मार्ट क्यूआर कोड र मोवाइल बैंकिङ मार्फत आफनो सेवा दिदैं एससिटीले हालसम्म बैंक तथा बित्तीय संस्थाहरुलाई मात्र सुविधा पुऱ्याउदै आइरहेकोमा हाल बढदै गएको सहकारीको भुमिका र कारोवारलाई मध्ये नजर गर्दै सहकारीहरुले पनि न्यूनतम लागतमा राष्ट्रिय सहकारी बैंक मार्फत सहजै एटिएम कार्ड जारी गर्न सक्ने प्रविधि र प्रकिया मिलाईएको छ।

एससिटीले चीनको यूपिआईसंग सहकार्य गर्दै विगत केहि समय अगाडि देखि सहकारीहरुलाई कार्ड सेवा दिईसकेको भए पनि यसलाई प्रभावकारी बनाउन र सहकारी संघ/संस्थाहरुको सबै तहमा पुऱ्याउन राष्ट्रिय सहकारी बैंक लिमिटेडको सहकार्यमा सबै प्रकृतिका सहकारीहरुलाई एउटै ब्राण्डको कोप कार्ड जारी गर्न लागेको हो।

यसरी प्रदान गर्ने कार्ड अन्तराष्ट्रिय स्तरको चिप कार्ड र कन्ट्याक्टलेश प्रबिधिमा आधारीत हुने र नेपाल तथा भारतका एटिएम पिओएस जुनसुकै स्थानमा चलाउन सकिने छ। एटिएम कार्ड ग्लोबल आइएमई बैंकको प्रायोजकत्वको रुपमा राष्ट्रिय सहकारी बैंक मार्फत सहकारीहरुले आफ्ना सदस्यहरुलाई जारी गर्नेछन्।

सम्झौता पश्चात सम्पूर्ण सहकारीहरुले सजिलै राष्ट्रिय सहकारी बैंक लिमिटेड मार्फत 'कोप कार्ड' जारी गर्न सक्नेछन। सहकारीहरुले आफ्ना सदस्यहरुलाई कोप कार्डको वितरण गरे पछि सहकारीमा आवद्ध सदस्यहरुले आफ्नो सहकारीको खाताबाट जुनसुकै बेला जँहाबाट पनि एटिएम मार्फत रकम निकाल्न सक्नेछन्। त्यस्तै पिओएसको माध्यमबाट कुनै पनि सेवा वा वस्तु खरिद गर्न सक्ने बैंकले जनाएको छ। यो सुविधाका कारण सदस्यहरुको सहकारी प्रति विश्वास बढ्दै जाने र सहकारीको बचत सहकारीमै रहिरहने विश्वास बैंकले लिएको छ।

यो सम्झौताले समग्र सहकारी क्षेत्रको भुक्तानी प्रणालीमा र विद्युतीय कारोवारमा पहुँच बढदै जाने र साधारण बैंकिङ कारोवारको लागि बैंक गईरहनु पर्ने बाध्यताबाट मुक्ति हुने र सहकारीहरुको विकासमा थप योगदान पुग्ने छ। बैंकसँगको सम्झौता पश्चात सहकारीहरुले जारी गर्ने कोप कार्ड ग्लोबल आइएमई बैंकको ३ सय भन्दा बढी एटिएम बुथबाट निशुल्क रुपमा रकम झिक्न सक्नेछन्।

सम्झौता कार्यक्रममा बैंकका अध्यक्ष के.बी. उप्रेती, निवर्तमान अध्यक्ष रमेश प्रसाद पोखरेल, राष्ट्रिय सहकारी महासंघका अध्यक्ष मिनराज कंडेल, बैंकका संञ्चालकहरु, उच्च व्यवस्थापनका कर्मचारीहरु, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्न राज बज्राचार्य सहित उच्च व्यवस्थापनका कर्मचारीहरु, एससिटीका अध्यक्ष सुमन पोखरेल, प्रमुख कार्यकारी अधिकृत नारायण प्रकाश भुजु लगायतको सहभागिता रहेको थियो।



# मिति २०७८/११/०२ गते देखि लागु हुने गरि बचत तथा कर्जाको शिर्षकहरूमा तपशिल बमोजिमको ब्याजदर कायम गरिएको हुँदा सदस्य संघ/संस्थाको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

बचत तर्फ

| खाताको प्रकार | खाताको प्रकार | ब्याजदर |
|---|---|---|
| **साधारण बचत** | ० मौज्दात | ४.५० |
| | न्युनतम मौज्दात रु.१,०००/- | ४.७५ |
| **विशेष बचत** | न्युनतम मौज्दात रु.१०,०००/- | ५.०० |
| **सुपर बचत** | रु २५ हजार देखि माथी रु.१० लाख सम्मको मौज्दातमा | ५.२५ |
| | रु.१० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ५.५० |
| | रु..२५ लाख देखि माथीको मौज्दातमा | ५.७५ |
| **एन सि बि एल समुन्नत बचत खाता** | रु १० लाख सम्मको मौज्दातमा | ५.५० |
| | रु. १० लाख देखि माथी रु.२५ लाख सम्मको मौज्दातमा | ६.०० |
| | रु. २५ लाख देखि माथी रु.५० लाख सम्मको मौज्दातमा | ६.५० |
| | रु..५० लाख भन्दा माथीको मौज्दातमा | ७.०० |
| **एन सि बि एल प्रीमीयम बचत खाता** | न्युनतम मौज्दात रु.१००,०००/- | ५.७५-६.५० |
| **अनिवार्य नियमित बचत** | मासिक रु.१,०००/- का दरले जम्मा | ७.०० |
| | मासिक रु.५,०००/- का दरले जम्मा | ७.२५ |
| | मासिक रु.१०,०००/- का दरले जम्मा | ७.५० |
| | मासिक रु.५०,०००/- का दरले जम्मा | ७.७५ |
| | मासिक रु.१,००,०००/- का दरले जम्मा | ८.०० |
| | मासिक रु.२,००,०००/- भन्दा माथीका दरले जम्मा | ८.२५ |
| **क्रमिक बचत** | ६ महिने अवधी | ७.५० |
| | १ वर्ष अवधी | ८.५० |
| **साधारण मुद्धती निक्षेप** | ३ देखि ६ महिनासम्म | १०.७५ |
| | ६ महिनाभन्दा माथी १ वर्षसम्म | ११.०० |
| | १ वर्षभन्दा माथी २ वर्ष | ११.२५ |
| | २ वर्षभन्दा माथी ४ वर्षसम्म | ११.५० |
| | ४ वर्षभन्दा माथी ५ वर्षसम्म | ११.७५ |
| **एन सि बि एल समृद्धि मुद्दति खाता** | ३ देखि ६ महिनासम्म | १२.५० |
| | ६ महिनाभन्दा माथी १ वर्षसम्म | १३.०० |
| | १ वर्षभन्दा माथी ५ वर्षसम्म | १३.५० |

कर्जा तर्फ

| कर्जाको प्रकार | कर्जाको अवधि | ब्याजदर |
|---|---|---|
| **(क) कृषि तथा कृषी परियोजना कर्जा (किस्तावन्दी)** | ३ महिना देखि ५ वर्षे | ९.००-११.०० |
| **(ख) अन्य परियोजना कर्जा (किस्तावन्दी)** | ३ महिना देखि १५ वर्षे | ९.००-११.५० |
| **(ग) (Term Loan) आवधिक कर्जा मासिक किस्तावन्दी** | ३ महिना देखि ४ वर्षे | ११.५० |
| | ५ वर्ष र सो भन्दा माथी | ११.७५ |
| **(घ) हायर पर्चेज कर्जा (किस्तावन्दी)** | १ वर्षे देखि ५ वर्षे | १२.०० |
| **(ङ) लघु कर्जा (किस्तावन्दी)** | ३ महिना देखि ५ वर्षे | ११.००-११.५० |
| **(च) दिगो सहकारी कर्जा** | ३ महिना देखि ५ वर्षे | १२.७५ |
| **(छ) घर घडेरी खरिद तथा भवन निर्माण कर्जा** | ५ देखि १० वर्षे | ११.५०-११.७५ |
| **(ज) तरलता व्यवस्थापन कर्जा** | १ वर्षे | १२.०० |
| **(झ) चालु पुँजी कर्जा** | १ वर्षे | १२.०० |
| **(ञ) आपतकालिन तरलता व्यवस्थापन कर्जा** | ३ देखि ६ महिना | १०.५० |
| **(ट) जीविकोपार्जन कर्जा** | ३ महिना | १०.५० |
| **(ठ) सहकारी व्यवस्थापन कर्जा** | १ वर्षे | १२.०० |
| **(ड) सहकारी स्तरिकरण कर्जा** | ३ महिना देखि ५ वर्षे | ११.००-११.७५ |
| **(ढ) साना तथा मझौला सदस्य कर्जा** | ३ वर्षे | १२.०० |
| **(ण) उत्पादन/प्रसोधन/भण्डारण/बजारीकरण कर्जा** | १ वर्षे देखि ५ वर्षे | १०.५०-११.५० |
| **(त) निक्षेप कर्जा** | - | निक्षेपको दरमा थप २ प्रतिशत |
| **(थ) अल्पकालिन व्यवसायीक कर्जा** | १ वर्षे | १२.०० |
| **(द) मौसमी कर्जा** | ३ महिना देखि १ वर्षे | ११.५० |
| **(ध) पर्यटन प्रबद्धन कर्जा** | ३ महिना देखि १० वर्षे | ९.००-११.०० |
| **(न) सबल सहकारी कर्जा** | ३ महिना देखि ५ वर्षे | १२.७५ |
| **(प) गरीबी निवारण कर्जा** | १ वर्षे देखि ५ वर्षे | ११.००-११.५० |
| **(फ) व्यवसायीक किस्ताबन्दी कर्जा** | ३ महिना देखि ४ वर्षे | ११.५० |
| | ५ वर्ष र सो भन्दा माथी | ११.७५ |

नोट :

(१) हायरपर्चेज कर्जाको मार्जिन नियम बमोजीम हुनेछ ।

(२) घर घडेरी खरिद तथा भवन निर्माण कर्जाको स्वःलगानी नियमानुसार हुनेछ ।

(३) कर्जाको व्यवस्थापन शुल्क नियमानुसार लाग्नेछ ।

(४) लघुवित्त कर्जा, गरिबि निवारण कर्जा, सबल सहकारी कर्जा र दिगो सहकारी कर्जा लगानीको ब्याजदर संस्था बर्गीकरणको आधारमा ०.५० प्रतिशत फरक गरीनेछ ।

(५) नियमित रुपमा कर्जा भुक्तानी गर्ने ऋणिको हकमा व्यवस्थापनले आवश्यक निर्णय गर्न सक्नेछ ।

(६) मुद्दती निक्षेपको Bid Rate १३.५० प्रतिशत सम्म प्रस्ताव गर्न सकिनेछ ।

(७) कर्जाको ब्याजदर कर्जा अवधिको आधारमा व्यवस्थापनले तय गर्न सक्नेछ ।

(८) अपाङ्ग, दलित र महिलाद्धारा मात्र संचालित संस्थालाई प्रकाशित ब्याजदरमा ०.५ प्रतिशतसम्म थपघट गर्न सकिनेछ । यस्तो सुविधा दोहोरो हुनेगरी प्रदान गरिनेछैन ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः कुपण्डोल, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop